चौरजहारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी ,रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

# राजस्व सुधार कार्ययोजना

**(Revenue Improvement Action Plan)**

चौरजहारी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०८१/०३/०६ गते

## कृतज्ञता ज्ञापन

चौरजहारी  नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने नगर प्रमुख श्री पुष्प बादीज्यू, नगर उपप्रमुख श्री इश्वरी कुमारी शर्मा बि.एम.ज्यू, नि. प्रमुख प्रशासकीय अधिकृत श्री शेर प्रसाद ढकालज्यू, लेखा अधिकृत रामलाल शर्माज्यू, राजस्व शाखा, आर्थिक प्रसासन शाखा, पुर्बधार शाखा, तथा अन्य चौरजहारी नगरपालिकामा कार्यरत सम्पूर्ण महानुभाबहरु, राजश्व शाखाका गणेश खड्काज्यु, तथा कार्यपालिका सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस योजना तर्जुमा कार्यका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

# बिषयसूची


| | |
|---|---|
| परिच्छेद एकपरिचय : | 1 |
| १पृष्ठभूमि १. | 1 |
| १राजस्व सुधार २. योजनाको औचित्य | 3 |
| १योजनाले राखेका उद्देश्यहरू ३. | 4 |
| १योजनाले तर्जुमा विधि तथा प्रकृया ४. | 5 |
| १सन्दर्भ सामग्री संकलन तथा अध्ययन ४.१. | 5 |
| १तथ्यांक संकलन ४.२. | 5 |
| १कार्यशाला गोष्ठी ४.३. | 6 |
| १अन्तिम कार्यशाला गोष्ठीको आयोजना ४.४. | 7 |
| १प्रतिवेदनको अन्तिम रूप ४.५. | 7 |
| १ योजनाका ५.सीमाहरू | 7 |
| परिच्छेद दुईः चौरजहारी नगरपालिकाको संक्षिप्त परिचय | 9 |
| २ १.चौरजहारी नगरपालिकाको गठन तथा नामाकरण | 9 |
| २प्रशासनिक विभाजन २. | 9 |
| २भौगोलिक तथा प्राकृतिक अवस्था ३. | 10 |
| २वडागत रुपमा घरधुरी तथा जनसंख्या ४. | 11 |
| २.५ आर्थिक अवस्था | 12 |
| २.६ चौरजहारी नगरपालिकाको मानव संसाधनको अवस्था | 12 |
| २चौरजहारी नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था ७. | 27 |
| परिच्छेद तीन राजस्व अधिकार तथा आय सम्भाव्यता : | 28 |
| ३.१ स्थानीय तहको राजश्व अधिकार सम्वन्धी संवैधानिक तथा कानूनी व्यवस्था | 28 |
| ३.२ चौरजहारी नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था | 32 |
| ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण | 34 |
| ३.३.१ (कर राजस्व र गैर कर राजस्व) | 34 |
| परिच्छेद चारसंकलनको संस्थागत क्षमता तथा अवस्था : | 48 |
| ४राजस्व परिचालन सम्वन्धी नीति १. | 48 |

४आय संकलनको संस्थागत क्षमता २. 48
४राजस्व परामर्श समिति २.१. 48
४नगरपालिकाको राजस्व प्रशासन २.२. 50
४राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण २.३. 51
४ ३.नगरपालिकाको आन्तिरक आय परिचालन 51
४राजस्व परिचालनमा रहेका सबालहरू ४. 58
परिच्छेदपाँचः राजश्व सुधार कार्ययोजना— 61
५राजस्व सुधार कार १.्ययोजना 61
परिच्छेद छआगामी तीन वर्षको आय प्रक्षेपण : 69
६राजस्व सुधार कार्ययोजनाको आधारमा राजश्व प्रक्षेपण १. 69
६आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण २. 74
परिच्छेद सातः अपेक्षित नतिजा 77
परिच्छेद आठः अनुगमन तथा मूल्यांकन 79
क) कार्यालय स्तरको अनुगमनः 80
ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः 80
ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः 80
घ) वाह्य अनुगमन तथा मूल्यांकनः 80
८.१ निष्कर्ष र सुझाव 81
सन्दर्भ सामग्री संकलन तथा अध्ययन 82
अनुसूचीहरू 83
अनुसूची १ : दफा ८.३ सँग सम्बिन्धित (तथ्यांक संकलन सूची) 83
अनुसूची २:राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति विवरण 90
अनुसूची ३: राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी अन्तिम कार्यशाला गोष्ठीको उपस्थिति विवरण 93
अनुसूची ४: राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति फोटोहरु 95

## तालिकासूची

तालिका नं. १ : प्रशासनिक विभाजन ........ 9

तालिका नं. २ः वडागत रुपमा घरधुरी तथा जनसंख्या (अनुसार २०७८) ........ 11

तालिका नं. ३ः चौरजहारी नगरपालिकाको मानवीय संसाधन ........ 12

तालिका नं. ४ः प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था ........ 30

तालिका नं. ५ः मूल्य अभिवृद्दि कर र अन्त शुल्क बाँडफाँट सम्बन्धी व्यवस्था ........ 30

तालिका नं. ६ः मूल्य अभिवृद्दि कर र अन्त शुल्क बाँडफाँट सम्बन्धी व्यवस्था ........ 30

तालिका नं. ७ः आन्तरिक आयका परिचालनको वर्तमान अवस्था ........ 32

तालिका नं. ८ः सम्पत्ति कर अनुमान प्रक्षेपण ........ 35

तालिका नं. ९ः व्यवसायिक भाडा दरको प्रक्षेपण ........ 37

तालिका नं. १०व्यवसायिक राजस्वको अनुमानित प्रक्षेपण : ........ 38

तालिका नं.११घरनक्सा पास दस्तुर : ........

तालिका नं. १२राजस्व परामर्श समितिको संस्थागत संरचना : ........ 49

तालिका नं.१३ :चौरजहारी नगरपालिकाको राजस्व संरचना ........ 51

तालिका नं. १४ः राजस्व सुधार कार्ययोजना ........ 61

तालिका नं.१५ः आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपणका आधार ........ 69

तालिका नं. १६आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण : ........ 74

तालिका नं. १७ :प्रक्षेपित आय संरचना ........ 77

# राजस्व सुधार कार्ययोजना
(Revenue Improvement Action Plan)

## परिच्छेद एकः परिचय

### १.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाले परिकल्पना गरेको संघीय शासन व्यवस्थालाई मूर्तरुप दिन संविधानसभा मार्फत घोषित नेपालको संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा संघ, प्रदेश र स्थानीय तह गरी तीन राजनीतिक तहमा विभाजन गरेको छ । यी तीन तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुराको प्रत्याभूति संविधानले नै गरेको छ ।

अनुसूची–५ मा संघीय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची–६ मा प्रदेश सरकारका २१ वटा अधिकार सूची, अनुसूची–७ मा संघ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची–८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची–९ मा संघ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी बर्तमान संविधानले तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रशस्त गरिदिएको छ । संविधानले प्रदान गरेको अधिकारका आधारमा बनेका संघ, प्रदेश र स्थानीय सरकारहरु आफैमा त्यस्ता शक्तिशाली तहहरु हुन जसले संबिधानको दायरा भित्र रही पूर्ण स्वायत्तताका साथ काम गर्ने क्षमता राख्छन् । तसर्थ राजनीतिक परिवर्तनको अपेक्षा बमोजिम भएको रुपान्तरणकारी परिर्वतनले समुदायको घरदैलोमा अधिकार मात्र पुऱ्याएको छैन स्थानीय तहका राजनीतिक व्यक्तित्वहरुलाई आफ्नो क्षेत्रमा विकास र सम्बृद्धि ल्याउन क्षमता प्रर्दशन गर्ने अवसर पनि प्रदान गरेको छ । बलियो इच्छा शक्ति र दीर्घकालिन सोचयुक्त राजनीतिक नेतृत्वहरुले आगामी केही वर्षभित्र आफ्नो पालिकालाई साँच्चिकै नमुना बनाउन सक्ने अवसर पाएका छन् । जसले अन्तत्वगत्वा नागरिकको जीवनयापनलाई सहज र सुविधाजनक बनाइदिन्छ । नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने क्रममा सबैभन्दा पहिले भौतिक पूर्वाधार विकास हुन जरुरी छ । तर यसका लागि स्थानीय तहले पर्याप्त आर्थिक स्रोत व्यवस्थापन गर्नुपर्छ । स्थानीय सरकार सञ्चालन ऐन– २०७४ को दफा ६९ (२) मा उल्लेख भए अनुसार स्थानीय तह आँफैले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम,

राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, कुनै व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम स्थानीय तहका आयस्रोत हुन सक्छन । यस्तै राष्ट्रिय प्राथमिकताका आधारमा स्थानीय सरकारका लागि नेपाल सरकारले विदेशी सरकार, निकाय, संघसंस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम, अन्य स्थानीय सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, आन्तरिक ऋणबाट प्राप्त रकम तथा स्थानीय तहलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम पनि स्थानीय तहको आयस्रोत हुन सक्छ । तर स्थानीय तह आफैंले सङ्कलन गर्नसकेको आय वा राजस्व रकमका आधारमै स्थानीय तहमा दीगो विकासको सम्भावनाको आँकलन गर्न सकिने भएकाले सबै पालिकाले आन्तरिक आयस्रोत सङ्कलनमै विशेष ध्यान दिन जरुरी छ । बाह्य आयलाई संघीय सरकार वा प्रदेश सरकारले निर्धारण गरे बमोजिमको क्षेत्र एवं कार्यक्रम वा शीर्षकमा तोकिएको शर्त वा मापदण्ड पूरा गरेर मात्र खर्च गर्नुपर्ने भएकाले स्थानीय तहलाई आन्तरिक आय प्रयोगको तुलनामा बाह्य आयको प्रयोग त्यति सहज नहुन सक्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ (दफा ५५—६२) मा उल्लेख भए अनुसार पालिकाले सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर तथा बिभिन्न प्रकारका सेवा शुल्क शीर्षकहरूबाट आय सङ्कलन गर्नसक्ने देखिए पनि सबै स्रोत समान रूपमा बिभिन्न दृष्टिकोणले सम्भाव्य नहुन सक्छ । कर तथा गैरकर दुबै स्थानीय तहका आफ्नै आयस्रोत भएतापनि यसको सङ्कलनमा प्रभावकारिता ल्याउन स्थानीय तहकै आन्तरिक प्रशासनिक क्षमता बढाउनुपर्ने हुनसक्छ ।

कर प्रगतिशील विशेषता र सङ्कलन सम्भाव्य हुँदैमा स्थानीय तह सबल एवं सक्षम हुने होइन । स्थानीय स्रोत सङ्कलनमा सक्षम बनेमात्र स्थानीय तहको सबलता प्रमाणित हुनसक्छ । यसका लागि एकातर्फ सबै करदाताको तथ्याङ्क सहितको अभिलेख व्यवस्थापन गरी त्यो अभिलेखलाई समय—सापेक्ष परिमार्जन गर्न जरुरी छ भने अर्कोतर्फ सङ्कलित करको प्रयोगमा करदाता सन्तुष्ट हुनुपर्छ अर्थात् सङ्कलित स्रोतलाई पारदर्शी तरिकाले खर्च गर्नुपर्छ । स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन— २०७४ ले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने धेरै अधिकार निक्षेपण गरेको छ । स्थानीय तहले पारदर्शी तरिकाले आफ्ना क्रियाकलाप अगाडि बढाए मात्र सबै नागरिकलाई करको दायरामा ल्याउन सजिलो पर्छ । स्थानीय तहमा गरिने क्रियाकलापको पारदर्शिताले जनमानसमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्भव भएसम्म प्रतिनिधिमूलक तरिकाबाटै भए पनि विकास निर्माणका क्रियाकलापमा करदातालाई निर्णय प्रक्रियादेखि कार्यान्वयन तहसम्म संलग्न गराउन सके कामको गुणस्तर कायम गर्न र आयस्रोत सङ्कलन गर्न सहज हुनसक्छ ।

सीमित नागरिकलाई असीमित कर वा बढी दरमा कर लगाएर भन्दा थोरै कर दरमा धेरै करदाता समेट्दै धेरै कर सङ्कलन गर्न सक्नुलाई कर प्रशासनको सक्षमता मानिन्छ । नागरिकको विकासका आवश्यकता पूरा गर्नका लागि पर्याप्त आर्थिक स्रोत आवश्यक पर्छ । जुन स्थानीय तहले सम्पत्ति कर सङ्कलनलाई उच्च प्राथमिकतामा राखेको छ, उसले आफ्ना नागरिकको आवश्यकता दिगो ढङ्गले पूरा गर्ने सम्भावना बढी हुन्छ । वर्तमान सन्दर्भमा आउदा बर्षहरु स्थानीय सरकारका लागि प्रारम्भिक तयारीको वर्ष भएकाले सबै स्थानीय तहले सम्भावित स्थानीय आयस्रोत व्यवस्थापनमा सक्रियता देखाउनसके पछिसम्मका लागि परनिर्भरता घटाउन सकिने सम्भावना देखिन्छ ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्न चिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकारहरूले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानून म्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन जान्छ । नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय सरकारले आ—आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि अधिकांश स्थानीय तहका सरकारहरूले ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित राजस्व सुधार कार्ययोजना न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेको स्थिति छैन । यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रक्रियामा सुधारका लागि सम्बन्धित स्थानीय तहको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्बन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुँने हुँदा सम्बन्धित स्थानीय तहले आफ्ना प्राथमिकता प्राप्त आयोजनाहरूको आकार आँकलन गर्न सहज हुनेछ । राजस्व प्रक्रियामा सुधारका लागि यस स्थानीय तहको नेतृत्वमा सहभागितामूलक प्रक्रिया अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको एक प्रमुख उपलब्धीका रुपमा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण प्राप्त गर्नुका साथै पालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान भएको हुनेछ र मुख्य उपलब्धीका रुपमा यस पालिकाको कार्ययोजना तयारी भएको हुनेछ तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको हुनेछ ।

### १.३ योजनाले राखेका उद्देश्यहरू

संघीयता नेपालको लागि नौलो अभ्यास हो । सहकारितामा आधारित यो संघीयतामा तीन तहका सरकारहरुका बिच पारस्परिक सहयोग, सहकार्य र सहअस्तित्वका आधारमा मात्र प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान सकिन्छ । यसर्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कर्णाली प्रदेशले स्थानीय तहको राजस्व परिचालन क्षमता विकास गर्ने उद्धेश्यले चालु आ.व. २०८०/८१ मा बिभिन्न स्थानीय तहको राजस्व परिचालन तथा सुधारका लागि सहयोग पुर्याउने अभिप्राय रहेको छ । यसर्थ यस कार्यशर्तको मुख्य उद्धेश्य स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सेवा प्रदायक कम्पनी/फर्मको जिम्मेवारी बारे प्रष्टता सहित प्रकृयागत मार्गदर्शन प्रदान गर्नु रहेको छ । निर्दिष्ट रुपमा यस कार्यशर्तको निम्न उद्धेश्यहरु रहेका छन् ।

- स्थानीय तहले बजेट तर्जुमा गर्दा आगामी ३ बर्षको आन्तरिक आयको प्रक्षेपण गर्नुपर्ने, स्थानीय सरकार सञ्चालन ऐनको दफा ६६(६) मा भएको व्यवस्था कार्यान्वयनका लागि स्थानीय तहलाई सहयोग पुर्याउने,
- राजस्व सुधार कार्ययोजना निर्माण प्रकृयालाई प्रकृयागत मार्गनिर्देश गर्नु,
- स्थानीय तहको हालको राजस्व परिचालन अवस्था समिक्षा गरी सुधारका क्षेत्रहरुको पहिचान गर्न सहयोग पुर्याउनु तथा राजस्व सम्बन्धमा स्थानीय तहमा थप प्रष्टता ल्याउन सहयोग पुर्याउने,
- राजस्व सुधार कार्ययोजना निर्माणका लागि सेवा प्रदायक कम्पनी/फर्मको वा संस्थाले गर्नुपर्ने कार्यहरु बारे प्रष्टता ल्याउनु,
- राजस्व तथा करको दायराहरु खोजी तथा पहिचान गर्न सहयोग पुर्याउने तथा राजस्व प्रक्षेपणका वैज्ञानिक कार निर्धारण प्रकृया, राजस्व निर्धारणका आधारहरु बारे स्थलगत रुपमा अभ्यास गराई वैज्ञानिक कर प्रणाली लागू गर्न सक्षम बनाउने,

- कोचिङ तथा मेन्टोरिंग विधिको प्रयोग गरी छनौट भएका २५ स्थानीय तहको ३ बर्षको राजस्व सुधार योजना तर्जुमा गर्ने ।

## १.४ योजनाले तर्जुमा विधि तथा प्रकृया

यस राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाका लागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

१. अभिमुखीकरण कार्यशाला गोष्ठी/तथ्यांक संकलन
२. मस्यौदा प्रतिवेदन तयारी
३. मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण
४. मस्यौदा प्रतिवेदनमा पालिकाबाट आएका पृष्टपोषण संशोधन गरी प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा पेश
५. अन्तिम प्रतिवेदन पेश (पालिका र प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान)

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता विज्ञहरुबाट विभिन्न स्रोतबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### १.४.२ तथ्यांक संकलन

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको *नगरपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६* बमोजिमका फारमहरूको प्रयोग गरिएको थियो । राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा जनप्रतिनिधि एवम् कर्मचारीहरुको समन्वयमा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो :

- विगत ३ वर्षको यथार्थ आय विवरण
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- चालु वर्षको आर्थिक ऐन तथा नीति तथा कार्यक्रम र बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

### १.४.३ कार्यशाला गोष्ठी

चौरजहारी नगरपालिकाको आयोजनामा २०८१ साल वैशाख २९ गते राजस्व सुधार कार्ययोजनाको अभिमुखिकरण तथा राजस्व सुधार योजना तर्जुमाका लागि एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो ।अभिमुखीकरण कार्यशाला गोष्ठी चौरजहारी नगरपालिकाका नगर उपप्रमुख श्री ईश्वरी कुमारी शर्मा बि एमज्यूको अध्यक्षतामा, नि प्रमुख प्रशासकीय अधिकृत श्री शेर प्रसाद ढकालज्यूको सल्लाह र सुझाव बमोजिम, वडा अध्यक्ष ज्यूहरु, राजश्व परामर्श समितिका सदस्यहरु, स्थानीय तहका कर्मचारीहरु (वडा तहसम्मको सहभागिता) गरी जम्मा १९ जनाको उपस्थिति रहेको थियो ।

यस कार्यक्रमको सञ्चालन राजस्व महाशाखाक  श्री गणेश खड्काज्यूले सञ्चालन गर्नुभएको थियो । राजस्व संकलनको क्षेत्रमा चौरजहारी नगरपालिकामा ब्यापक संभावना रहेको, आर्थिक ऐन समेत मौजुदा रहँदा समेत राजस्व संकलन गर्न नसकिएको र राजस्व संकलनको लागि जनप्रतिनिधि र कर्मचारीहरु एकतावद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभएको थियो ।यस कार्यक्रममा वडा नं २ र ७ का वडा अध्यक्ष श्री बिर बहादुर राना र भिम प्रसाद जैसीज्यूले राजस्व सुधार कार्ययोजना निर्माणको लागि जनप्रतिनिधिहरुको विशेष प्रतिवद्धता आवश्यक रहेको, विगत केहि वर्षको अनुभव बमोजिम नगरपालिकामा जनशक्तिको कमी रहेको, निजी क्षेत्रसँग समन्वय गरेर अगाडि बढ्नुपर्ने अवस्था रहेको, राजस्व वृद्धिको व्यापक संभावना हुँदा हुँदै पनि राजस्व वृद्धि गर्न नसकिएकोले योजनावद्ध ढंगले राजस्व संकलनलाई प्राथमिकतामा राख्नु आवश्यक रहेको, करदाता शिक्षालाई समेत निरन्तर अभियानको रुप्मा लैजानु आवश्यक रहेको बताउनुभएको थियो ।

यस कार्यक्रममा प्राविधिक टोलीका तर्फबाट वित्त व्यवस्थापन विज्ञ श्री बिन्दु राज खनालज्युले राजस्व सुधार कार्ययोजनाका मुख्य मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो । अभिमुखीकरणर कार्यशाला गोष्ठीको कार्यपत्र प्रस्तुती लगत्तै करका दरहरू, दायरा, प्रक्षेपणका विधिहरू, कर र गैर कर राजस्व सुधार, कर प्रशासन सबलीकरण बिषयहरूमा समूहगत छलफल गरी मेटा कार्ड प्रयोग विधिबाट विभिन्न सुझाबहरू संकलन गरिएको थियो ।कार्यक्रमको समापन सत्रमा नगर उपप्रमुख एवम् राजस्व परामर्श समितिका संयोजक श्री इश्वरी कुमारी शर्मा ज्यूले राजस्व सुधार कार्ययोजना निर्माण गरेर अगाडि बढ्दा उल्लेख्य राजस्व संकलन गर्न सकिने संभावना रहेको र मौजुदा आर्थिक ऐन बमोजिम राजस्व संकलनलाई विशेष प्राथमिकता दिएर अगाडि बढ्नुपर्ने र राजस्व संकलनका नयाँ संभावनाहरुलाई खोजेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको थियो ।

यस अध्ययनलाई प्रभावकारी ढंगबाट सम्पन्न गर्नको लागि नि प्रमुख प्रशासकीय अधिकृत श्री शेर प्रसाद ढकाल ज्यूको संयोजकत्वमा पांच सदस्यीय अध्ययन सहजीकरण कार्यदल गठन गरिएको थियो । यस कार्यक्रममा रहेको उपस्थितिको विवरण **अनुसूची ३** मा रहेको छ ।

### १.४.४ अन्तिम कार्यशाला गोष्ठीको आयोजना

चौरजहारी नगरपालिकाको आयोजनामा २०८१ साल जेठ ३१ गते गते मस्यौदा प्रतिवेदन प्रस्तुती तथा सो उपर सुझाव संकलन तथा राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने उपायहरुमाथि छलफल एवम कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । मस्यौदा प्रतिवेदनको सन्दर्भमा परामर्शदाता संस्थाको तर्फबाट श्री बिन्दु राज खनालज्यूले प्रस्तुतीकरण गर्नुभएको थियो । यस कार्यक्रममा नगरपालिकाका नगरप्रमुख श्री पुष्प वादी नगरउपप्रमुख श्री ईश्वरी कुमारी शर्मा बि एम, नि प्रमुख प्रशासकीय अधिकृत श्री. शेर प्रसाद भण्डारी, लगायत वडा अध्यक्षहरु, वडा सदस्यहरु, कार्यपालिकाका सदस्यहरु, राजस्व परामर्श समितिका पदाधिकारी एवम् सदस्य ज्यूहरु र अध्ययन सहजीकरण कार्यदलका सदस्य ज्यूहरुले मस्यौदा प्रतिवेदन माथि सुझाव राखुभएको थियो । कार्यक्रममा सहभागीहरूको नामावली अनुसूची ४ मा उल्लेख गरिएको छ ।

### १.४.५ प्रतिवेदनको अन्तिम रूप

यस स्थानीय तहको राजस्वसँग सम्बन्धित मुख्य सरोकारवालापक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाह प्रदान गुर्नभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहहरु प्राप्त भएको थियो । यसरी प्राप्त सान्दर्भिक सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यो अन्तिम प्रतिवेदन तयार गरिएको हो ।

## १.५ योजनाका सीमाहरू

राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोतसाधन, विगतका वर्षहरूको प्रयाप्त सूचनाको अभाव, सीमित अध्ययन समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् ।

- यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ । यसको अलावा अध्ययन तथा विश्लेषण कार्यपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- पालिकामा भएका अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ ।
- यस राजस्व सम्बन्धी तीन बर्षको आवधिक योजना *नगरपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना सम्बन्धी दिग्दर्शन, २०७६* बमोजिम तयार गरिएको छ ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४,अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,आर्थिक ऐन, २०७५ ले दफा ३३ ले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा गरेको संशेधान र आर्थिक ऐन, २०७५ ले दफा ३४ ले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा गरेको संशेधानले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।
- यो प्रतिवेदनमा राजस्व सुधार कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरुलाई प्राथमिकीकरण गरी समय सापेक्ष परिमार्जन गर्न सक्नेछन ।

# परिच्छेद दुईः चौरजहारी नगरपालिकाको संक्षिप्त परिचय

## २.१ चौरजहारी नगरपालिकाको गठन तथा नामाकरण

चौरजहारी नगरपालिका नेपालको पश्चिम भागमा अवस्थित कर्णाली प्रदेश अन्तर्गत रुकुम पश्चिम जिल्लामा अवस्थित एक नगरपालिका हो । यस नगरपालिकाको नामकरणमा दुई मान्यता रहेको छ| स्थानीय भाषामा समथर भूमिलाई चौर र चौर वरपर झाडी भएकोले दुई शब्द चौर र झारी मिलि चौरझारी बनेको र त्यहि शब्द अपभ्रंस भएर चौरजहारी बनेको भन्ने एउटा मान्यताका साथै समथर चौर र यहि चौर नजिकै भएर बग्ने जहारी खोला मिलेर चौरजहारी नामकरण भएको भन्ने मान्यता छ|

२०७२ असोज महिनामा बिजयश्वरी र कोटजहारी गा वि सलाई समायोजन गरि पहिलो पटक चौरजहारी नगरपालिका घोषणा गरिएको हो। पुनश्च २०७३ साल फाल्गुनमा नया स्थानीय संरचना निर्माण स्वरूप खोलागाउँ गा वि स , नुवाकोट गा बि सको वडा ३ बाहेक सबै(१, २, ४, ५, ६, ७, ८ र ९) र पूर्तिमकाँडा गा वि सका वडाहरु ४, ५ र ९ मिलाएर हालको चौरजहारी नगरपालिकाको गठन भएको हो| नगरपालिकाको केन्द्रभने बिजयश्वरी डाँडा रहको छ।

## २.२ प्रशासनिक विभाजन

**तालिका नं. १ : प्रशासनिक विभाजन**

| वडा नं | समावेश गाबिस/नगर पालिका | साबिक वडाहरु | घरधुरी संख्या जनगणना )(२०७८ | जनसंख्या | क्षेत्रफल (वर्ग कि(.मि. | कार्यालय भवनको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | चौरजहारी | १ र २ | ८८१ | ३२१२ | | पक्की |
| २ | चौरजहारी | ३ | ३९१ | १५४१ | | पक्की |
| ३ | चौरजहारी | ४ र ५ | ४६३ | १८५६ | | पक्की |
| ४ | चौरजहारी | ६ | ४९४ | २०४४ | | पक्की |
| ५ | चौरजहारी | ७ | ३८५ | १६८३ | | पक्की |
| ६ | चौरजहारी र पुर्तिमकाँडा | चौरजहारी ८ र पुर्तिमकाँडा ४ र ५ | ४०९ | २१४७ | | भाडामा( सामुदायिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | बिद्यालय भवनमा) |
| ७ | चौरजहारी | ९ | ३५९ | १४८० | | पक्की |
| ८ | चौरजहारी र पुर्तिमकाँडा | चौरजहारी १० र पुर्तिमकाँडा ९ | ४५१ | १९९५ | | भाडामा |
| ९ | चौरजहारी | ११ | ३१८ | १५६१ | | पक्की |
| १० | खोलागाउँ | १, २ र ९ | ४३७ | १७९८ | | पक्की |
| ११ | खोलागाउँ | ३, ४ र ५ | ५१६ | २०८९ | | पक्की |
| १२ | खोलागाउँ | ६, ७, र ८ | ४५४ | २००४ | | भाडामा |
| १३ | नुवाकोट | ५, ६,७, र ८ | ६२० | २६३८ | | पक्की |
| १४ | नुवाकोट | १, २, ४ र ९ | ६५९ | २८९९ | | पक्की |
| | जम्मा | | ६८३७ | २८९५६ | | पक्की |

**स्रोतः चौरजहारी नगरपालिका२०८१/केन्द्रीय तथ्यांक बिभाग २०७८**

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

क) पूर्व : त्रिबेणी गाउँपालिका, रुकुम

ख) पश्चिम : भेरी नगरपालिका, जाजरकोट

ग) उत्तर : सानीभेरी गाउंपालिका रुकुम

घ) दक्षिण : कुमाख गाउँपालिका सल्यान

## २.४ वडागत रुपमा घरधुरी तथा जनसंख्या

२०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या २८९५६ रहेको छ जसमध्ये पुरूष १४००९ र महिला १४९४७ जना रहेका छन् ।

**तालिका नं. २ः वडागत रुपमा घरधुरी तथा जनसंख्या (अनुसार २०७८)**

| वडा नं | घरधुरी संख्या | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ८८१ | १५३७ | १६७५ | ३२१२ |
| २ | ३९१ | ७५३ | ७८८ | १५४१ |
| ३ | ४६३ | ८८२ | ९८३ | १८५६ |
| ४ | ४९४ | ९७८ | १०६६ | २०४४ |
| ५ | ३८५ | ८०५ | ८७८ | १६८३ |
| ६ | ४०९ | १०७८ | १०६९ | २१४७ |
| ७ | ३५९ | ७०८ | ७७२ | १४८० |
| ८ | ४५१ | १०१३ | ९८२ | १९९५ |
| ९ | ३१८ | ७८२ | ७७९ | १५६१ |
| १० | ४३७ | ८१९ | ९७९ | १७९८ |
| ११ | ५१६ | ९९२ | १०९७ | २०८९ |
| १२ | ४५४ | ९६५ | १०३९ | २००४ |
| १३ | ६२० | १३१५ | १३२३ | २६३८ |
| १४ | ६५९ | १३८२ | १५१७ | २८९९ |
| जम्मा | ६८३७ | १४००९ | १४९४७ | २८९५६ |

**स्रोतः केन्द्रिय तथ्यांक बिभाग २०७८**

## २ ५.	आर्थिक अवस्था

२०७८ को राष्ट्रिय जनगणनाको तथ्यांक बमोजिम  कुल जनसंख्या (६८३७ घरधुरी) मध्य करिब ७४ प्रतिशत कृषि र  बाकी करिब २६ प्रतिसत गैर कृषि क्षेत्रमा आबद्ध छन| उद्योगमा, व्यापार व्यवसायमा, यातायात र अन्य क्षेत्रमा आवद्ध भएको देखिन्छ ।

## २ ६.चौरजहारी नगरपालिकाको मानव संसाधनको अवस्था

यस चौरजहारी  नगरपालिकामा प्रशासन, प्रशासन शाखा ,आर्थिक प्रशासन शाखा, सूचना प्रविधि तथा सञ्चार शाखारोजगार ,स्वास्थ्य शाखा , शाखाप्राविधिक शाखा ,, आन्तरिक लेखा परीक्षण ईकाई, शिक्षा, यूवा तथा खेलकुद शाखा, स्वास्थ्य चौकी,आर्थिक विकास शाखाप्राविधिक  ,पूर्वाधार विकास शाखा , (कृषि) आर्थिक विकास शाखा ,महिला विकास शाखा,शाखा, नगर प्रहरी, कार्यालय सहायकसहयोगी , तथा हलुका सवारीचालक सहित ७१ जना स्थायी र १३२ अस्थाई/करार गरि जम्मा २०३ जना मानवीय संशाधन (नगरपालिका केन्द्रमा कार्यरत, स्रोत नगरपालिकाको वेभसाईट) देखिन्छ । यस बाहेक पनि वडाहरुमा वडा सचिव लगायतका कर्मचारीहरु कार्यरत हुनुहुन्छ । यहाँ निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा श्री शेर प्रसाद ढकाल कार्यरत हुनुहुन्छ ।

**तालिका नं. ३: चौरजहारी नगरपालिकाको स्थायी मानवीय संसाधन**

| क्र.स. | नाम | पद | शाखा | फोन नं |
|---|---|---|---|---|
| **नगर कार्यपालिकाको कार्यालय** | | | | |
| १ | शेर प्रसाद ढकाल | नि. प्रमुख प्रशासकीय अधिकृत | चौरजहारी नगरपालिका | ९८५७८२६१११ |
| २ | सिता थापा | शाखा अधिकृत | चौरजहारी नगरपालिका | ९८४३५२१७९५ |
| ३ | पवित्रा पोखरेल | महिला विकास निरीक्षक | चौरजहारी नगरपालिका | ९८४४८३०३४६ |
| ४ | राम लाल शर्मा | लेखापाल | चौरजहारी नगरपालिका | ९८६४३५७०३० |
| ५ | भिम बहादुर के सी | सवइन्जिनियर- | चौरजहारी नगरपालिका | ९८४१७६८६८० |
| ६ | कविन्द्र पुन मगर | सहायक कम्प्युटर अपरेटर | चौरजहारी नगरपालिका | ९८५८०७७१८० |
| ७ | गोबिन्द ददेल | स लेखापाल | चौरजहारी नगरपालिका | ९८५७८२०९९९ |

| | | | | |
|---|---|---|---|---|
| ८ | अनिल के सी | स लेखापाल | चौरजहारी नगरपालिका | ९८६६८०६९८६ |
| ९ | निर्मल ओली | सहायक स्तर चौथो | चौरजहारी नगरपालिका | ९८४०७१२८७९ |
| १० | गणेश खड्का | सहायक स्तर चौथो | चौरजहारी नगरपालिका | ९८४५०५७२६६८ |
| ११ | मेलिना रोकाया | सहायक महिला विकास निरीक्षक | चौरजहारी नगरपालिका | |
| १२ | राजु शर्मा | असिस्टेन्ट सव-इन्जिनियर | चौरजहारी नगरपालिका | |
| १३ | दिपेन्द्र शर्मा | असिस्टेन्ट सव-इन्जिनियर | चौरजहारी नगरपालिका | |
| १४ | चन्द्र बहादुर बुढा | असिस्टेन्ट सव-इन्जिनियर | चौरजहारी नगरपालिका | |
| १५ | रमेश बिश्वकर्मा | असिस्टेन्ट सव-इन्जिनियर | चौरजहारी नगरपालिका | |
| **आर्थिक विकास शाखा मा कार्यरत** | | | | |
| १६ | गणेश बुढा मगर | अधिकृत छैटौ | आर्थिक विकास शाखा | |
| १७ | बिमल खड्का | प्राबिधिक सहायक | आर्थिक विकास शाखा | |
| १८ | प्रकाश डाँगी | प्राबिधिक सहायक | कृषि सेवा केन्द्र | |
| १९ | प्रेम बहादुर राना | सहायकस्तर चौथो | कृषि सेवा केन्द्र | |
| २० | कुमारी उषा बम | नायब पशु सेवा प्राबिधिक | पशु सेवा केन्द्र | |
| २१ | सुशिला बुढा मगर | नायब पशु स्वास्थ्य प्राबिधिक | पशु सेवा केन्द्र | |
| २२ | किरण कुमार सिंह | नायब प्राबिधिक सहायक | पशु सेवा केन्द्र खोलागाउ १० | |
| २३ | रुप लाल खत्री | कार्यालय सहयोगी | कृषि सेवा केन्द्र | |
| **शिक्षा युबा तथा खेलकुद शाखा** | | | | |
| २४ | टिका जंग ओली | प्राबिधिक सहायक | पशु सेवा केन्द्र खोलागाउ १० | |
| **स्वस्थ्य तथा सामाजिक विकास शाखा** | | | | |

| | | | | |
|---|---|---|---|---|
| २५ | राम बहादुर सुनार | जनसंख्या निरीक्षक छैटौ तह | कोटजहारी प्राथमिक स्वश्त्य केन्द्र ७ | |
| २६ | दण्ड प्रसाद शर्मा | बरिष्ट ल्याब असिस्टेन्ट पाचौ तह | स्वास्थ्य तथा सामाजिक विकास शाखा | |
| २७ | शंकर बहादुर ओली | अहेब चौथौ तह | स्वास्थ्य तथा सामाजिक विकास शाखा | |
| वडा कार्यालय | | | | |
| २८ | तारा बहादुर बुढाथोकी | वडा सचिब | वडा न ४ | |
| २९ | धर्म राज सापकोटा | वडा सचिब | वडा न २ | |
| ३० | गंगा भण्डारी | वडा सचिब | वडा न ३ | |
| ३१ | संजु पुन मगर | वडा सचिब | वडा न १ | |
| ३२ | राजेन्द्र कुमार मल्ल | वडा सचिब | वडा न ६ | |
| ३३ | राम बहादुर सिंह | वडा सचिब | वडा न ७ | |
| ३४ | भुपेन्द्र के सी | वडा सचिब | वडा न ८ | |
| ३५ | बिरेन्द्र अधिकारी | वडा सचिब | वडा न ९ | |
| ३६ | विकास ओली | वडा सचिब | वडा न १० | |
| ३७ | निर्मल पुन मगर | वडा सचिब | वडा न ११ | |
| ३८ | सुवास गुरुङ | वडा सचिब | वडा न १३ | |
| ३९ | काशिराम पौडेल | वडा सचिब | वडा न १४ | |
| ४० | झुप बहादुर के सी | कार्यालय सहयोगी | वडा न ७ | |
| ४१ | उषा सुनार | अनमी चौथो | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न १ | |
| ४२ | डिल्ली बहादुर बुढाथोकी | जना स्वाश्थ्य निरीक्षक छैठौ | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न ३ | |

| | | | | |
|---|---|---|---|---|
| ४३ | सान्ता शाह | सि अनमी पाँचौ तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न २ | |
| ४४ | तिलक बहादुर कुमाल | हे अ पाँचौ तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न ३ | |
| ४५ | टिकेस्वारी भाट शर्मा | सि अनमी पाँचौ तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न ३ | |
| ४६ | हिमालय राना | जना स्वाश्थ्य निरीक्षक छैठौ | बिजयस्वरी स्वाश्थ्य चौकी ५ | |
| ४७ | मिना कुमारी पोखरेल | सि अनमी पाँचौ तह | बिजयस्वरी स्वाश्थ्य चौकी ५ | |
| ४८ | छबिलाल खड्का | जना स्वाश्थ्य निरीक्षक छैठौ | नुवाकोट स्वाश्थ्य चौकी १४ | |
| ४९ | ठकेंन्द्र घर्ति | हे अ पाँचौ तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न ८ | |
| ५० | मंजु ओली खड्का | स्टाफ नर्स पाँचौ तह | कोटजहारी प्राथमिक स्वाश्थ्य केन्द्र ७ | |
| ५१ | स्वस्तिका गहतराज | अ न मी चौथो तह | कोटजहारी प्राथमिक स्वाश्थ्य केन्द्र ७ | |
| ५२ | मुना गिरि कुमाल | अ हे ब चौथो तह | कोटजहारी प्राथमिक स्वाश्थ्य केन्द्र ७ | |
| ५३ | राजेन्द्र शर्मा | ब ल्याब अ पाँचौ तह | कोटजहारी प्राथमिक स्वाश्थ्य केन्द्र ७ | |
| ५४ | होम बहादुर मल्ल | कार्यालय सहायक | कोटजहारी प्राथमिक स्वाश्थ्य केन्द्र ७ | |

| | | | | |
|---|---|---|---|---|
| ५५ | तिलक लामिछाने | सि अ हे ब पाँचौ तह | आधारभूत स्वाश्थ्य केन्द्र ८ | |
| ५६ | मिना पुन | अ न मी चौथो तह | आधारभूत स्वाश्थ्य केन्द्र ८ | |
| ५७ | लक्षमण कुमार ओली | हे अ पाँचौ तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ५८ | चुडामणि के सी | जना स्वाश्थ्य निरीक्षक छैठौ | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ५९ | विश्व प्रकाश ओली | जना स्वाश्थ्य निरीक्षक छैठौ | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ६० | तबिन्द्र राना | सि अ हे ब पाँचौ तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ६१ | प्रमिला थापा | सि अनमी पाँचौ तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ६२ | फंजु रोका | अ न मी चौथो तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ६३ | ध्रुब हमाल | अ हे ब चौथो तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ६४ | भिम बहादुर डाँगी | अ हे ब चौथो तह | खोलागाउ स्वाश्थ्य चौकी ११ | |
| ६५ | डण्ड बिर ओली | कार्यालय सहायक | आधारभूत स्वाश्थ्य केन्द्र वडा न १२ | |
| ६६ | डम्बर बहादुर राना | हे अ पाँचौ तह | आधारभूत स्वाश्थ्य केन्द्र वडा न १३ | |

| | | | | |
|---|---|---|---|---|
| ६७ | कृष्ण बहादुर बिष्ट | सि अ हे ब पाँचौ तह | शहरी स्वाश्थ्य केन्द्र लिमिलेपोखरी वडा न १४ | |
| ६८ | तिलक बहादुर घर्ति | जना स्वाश्थ्य निरीक्षक छैठौ | खोलागाउ स्वाश्थ्य चौकी ११ | |
| ६९ | शुशिला जैसी | सि अनमी पाँचौ तह | नुवाकोट स्वाश्थ्य चौकी १४ | |
| ७० | रुपा चन्द | अ न मी चौथो तह | नुवाकोट स्वाश्थ्य चौकी १४ | |
| ७१ | बिद्या पुन | सि अनमी पाँचौ तह | नुवाकोट स्वाश्थ्य चौकी १४ | |

तालिका न ३.१ः चौरजहारी नगरपालिकाको करार मानवीय संसाधन

| क्र.स. | नाम | पद | शाखा | फोन नं |
|---|---|---|---|---|
| **नगर कार्यपालिकाको कार्यालय** | | | | |
| १ | देब बहादुर बटाला | प्रशासन सहायक | चौरजहारी नगरपालिका | |
| २ | मोहन शाह | असिस्टेन्ट सब इन्जिनीयर | चौरजहारी नगरपालिका | |
| ३ | विजय बिष्ट | प्रशासन सहायक | चौरजहारी नगरपालिका | |
| ४ | कालु कुमाल | कार्यालय सहयोगी | चौरजहारी नगरपालिका | |
| ५ | शुशिला के सी भण्डारी | कार्यालय सहयोगी | चौरजहारी नगरपालिका | |
| ६ | खडक प्रसाद रेग्मी | कार्यालय सहयोगी | चौरजहारी नगरपालिका | |
| ७ | अमृता आचार्य | कार्यालय सहयोगी | चौरजहारी नगरपालिका | |
| ८ | ज्ञानी कुमारी के सी | कार्यालय सहयोगी | चौरजहारी नगरपालिका | |

| | | | | |
|---|---|---|---|---|
| ९ | रोशनी बस्नेत | कार्यालय सहयोगी | चौरजहारी नगरपालिका | |
| १० | जीबन कुमार नेपाली | कार्यालय सहयोगी | चौरजहारी नगरपालिका | |
| ११ | पबित्र बि क | कार्यालय सहयोगी | चौरजहारी नगरपालिका | |
| LGCDP कार्यक्रमको लागि कार्यरत | | | | |
| १२ | धर्म राज बिष्ट | सूचना प्रबिधि अधिकृत | चौरजहारी नगरपालिका | |
| **रोजगार सेवा केन्द्रमा कार्यरत** | | | | |
| १३ | कृष्ण प्रसाद शर्मा | रोजगार संयोजक | चौरजहारी नगरपालिका | |
| १४ | प्रबिण थापा | प्राबिधिक सहायक | चौरजहारी नगरपालिका | |
| १५ | खडक ढकाल | रोजगार सहायक | चौरजहारी नगरपालिका | |
| **पंजीकरण सेवा इकाइमा कार्यरत** | | | | |
| १६ | प्रेम कुमार राना मगर | एम आइ एस अपरेटर | चौरजहारी नगरपालिका | |
| १७ | देब बहादुर रोकाया | फिल्ड सहायक | चौरजहारी नगरपालिका | |
| **मनोपरामर्श केन्द्रमा कार्यरत** | | | | |
| १८ | अनिता शर्मा | मनोसामाजिक कर्ता | चौरजहारी नगरपालिका | |
| १९ | खिम बहादुर महतारा | मनोसामाजिक कर्ता | चौरजहारी नगरपालिका | |
| २० | भद्र शिला बटाला रोकाय | स्वयंसेवक | चौरजहारी नगरपालिका | |
| **पोषण कार्यक्रमको लागि कार्यरत** | | | | |
| २१ | बिनोद ढकाल | पोषण स्वयंसेवक | चौरजहारी नगरपालिका | |
| **भ्याकुलोडर अपरेटर** | | | | |

| | | | | |
|---|---|---|---|---|
| २२ | मोहन दलामी | जे सी वि अपरेटर | चौरजहारी नगरपालिका | |
| **नगर बस सेवामा कार्यरत** | | | | |
| २३ | कृष्ण बि क | हेभी सवारी चालक | चौरजहारी नगरपालिका | |
| २४ | मिसर कुमार पुन | हेभी सवारी चालक | चौरजहारी नगरपालिका | |
| २५ | जीत बहादुर बुढाथोकी | हेभी सवारी चालक | चौरजहारी नगरपालिका | |
| २६ | पूर्ण बहादुर मल्ल | हेभी सवारी चालक | चौरजहारी नगरपालिका | |
| २७ | सितल पुन मगर | हलुका सवारी चालक | चौरजहारी नगरपालिका | |
| २८ | खिम प्रकाश खड्का | हेभी सवारी चालक | चौरजहारी नगरपालिका | |
| २९ | बबी बुढाथोकी | हेभी सवारी चालक | चौरजहारी नगरपालिका | |
| ३० | यज्ञ बहादुर मल्ल | हेभी सवारी चालक | चौरजहारी नगरपालिका | |
| ३१ | दिपेश गिरी | हेभी सवारी चालक | चौरजहारी नगरपालिका | |
| ३२ | शान्त तिरुवा | हेभी सवारी चालक | चौरजहारी नगरपालिका | |
| **सवारी चालकहरु** | | | | |
| ३३ | राम प्रसाद आचार्य | हलुका सवारी चालक | चौरजहारी नगरपालिका | |
| ३४ | प्रेम महर | एम्बुलेन्स चालक | चौरजहारी नगरपालिका | |
| ३५ | गणेश नेपाली | एम्बुलेन्स चालक | चौरजहारी नगरपालिका | |
| ३६ | किशोर जैसी | एम्बुलेन्स चालक | चौरजहारी नगरपालिका | |
| ३७ | निरज आचार्य | शब्-बहान  चालक | चौरजहारी नगरपालिका | |

| नगर प्रहरी ब्यबस्थापन उपशाखामा कार्यरत | | | | |
|---|---|---|---|---|
| ३८ | दिपेन्द्र कुमार बटाला | नगर प्रहरी सहायक निरीक्षक | चौरजहारी नगरपालिका | |
| ३९ | पंचा राम के सी | नगर प्रहरी सहायक निरीक्षक | चौरजहारी नगरपालिका | |
| ४० | प्रदिप महतारा | नगर प्रहरी सहायक निरीक्षक | चौरजहारी नगरपालिका | |
| ४१ | अमर ओली | नगर प्रहरी सहायक निरीक्षक | चौरजहारी नगरपालिका | |
| ४२ | सन्तोष पोखरेल | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ४३ | दिपेन्द्र भण्डारी | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ४४ | शिव राम चदारा | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ४५ | निरोज बिष्ट | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ४६ | दिपक जैसी | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ४७ | बसन्त शर्मा | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ४८ | बिबस बूढा | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ४९ | तारा प्रसाद शर्मा | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ५० | लोकेन्द्र खड्का | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ५१ | सरोज बि सी | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ५२ | बिकाश शर्मा | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ५३ | शिव राज भण्डारी | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |

| | | | | |
|---|---|---|---|---|
| ५४ | राजु के सी | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ५५ | संजु राना | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ५६ | चित्र बहादुर घर्ति | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ५७ | जीवन के सी | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ५८ | सिता पुन मगर | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ५९ | निर्मला रसाईली | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ६० | शेर बहादुर बि क | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ६१ | रोशन के सी | नगर प्रहरी जवान | चौरजहारी नगरपालिका | |
| ६२ | मणिराम खत्री | भान्छे | चौरजहारी नगरपालिका | |
| आर्थिक विकास शाखामा कार्यरत | | | | |
| ६३ | सबिना बोहोरा | सहायकस्तर चौथो | पशु सेवा केन्द्र खोलागाउ | |
| ६४ | बिमल रोकाया | उद्धम विकास सहजकर्ता | चौरजहारी नगरपालिका | |
| ६५ | मुक्ति बि क | उद्धम विकास सहजकर्ता | चौरजहारी नगरपालिका | |
| ६६ | प्रबिण ढकाल | सामाजिक परिचालक | चौरजहारी नगरपालिका | |
| ६७ | प्रज्वल शर्मा | सामाजिक परिचालक | चौरजहारी नगरपालिका | |
| वडा कार्यालयमा कार्यरत | | | | |
| ६८ | सुरेश शाह | वडा सचिब | चौरजहारी नगरपालिका वडा न १२ | |

| | | | | |
|---|---|---|---|---|
| ६९ | शिखर लामिछाने | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न १ | |
| ७० | सुशान्त राना | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न २ | |
| ७१ | महेन्द्र बुढाथोकी | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न ३ | |
| ७२ | गणेश पि एम | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न ४ | |
| ७३ | गोबिन्द बुढा | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न ५ | |
| ७४ | सुस्मा महतारा | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न ६ | |
| ७५ | रोशन घर्ति मगर | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न ८ | |
| ७६ | पबित्रा डाँगी | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न ९ | |
| ७७ | सिता के सी | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न १० | |
| ७८ | बिरेन्द्र ओली | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न ११ | |
| ७९ | सम्झना बि क | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न १२ | |

| | | | | |
|---|---|---|---|---|
| ८० | मिना सुनार बि क | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न १३ | |
| ८१ | प्रशान्त सार्की | वडा कार्यालय सहयोगी | चौरजहारी नगरपालिका वडा न १४ | |
| **स्वास्थ्य संस्थाहरुमा कार्यरत** | | | | |
| ८२ | लक्ष्मी बुढाथोकी | अ हे ब चौथो तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न १ | |
| ८३ | बसन्ती आचार्य | का स | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न १ | |
| ८४ | पूर्णकला खड्का राना | का स | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न २ | |
| ८५ | सुष्मा पोखरेल | का स | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न ३ | |
| ८६ | बिपना रोका | अ न मि चौथो तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न ४ | |
| ८७ | निर्मल राना | अ हे ब चौथो तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न ४ | |
| ८८ | पवित्रा बि क सुनार | का स | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न ४ | |
| ८९ | जुना राना | अ न मि चौथो तह | बिजयस्वरी स्वास्थ्य चौकी ५ | |
| ९० | प्रवेश शर्मा | अ हे ब चौथो तह | बिजयस्वरी स्वास्थ्य चौकी ५ | |
| ९१ | आयुषा के सी | का स | बिजयस्वरी स्वास्थ्य चौकी ५ | |

| | | | | |
|---|---|---|---|---|
| ९२ | हिम महतारा | अ न मि चौथो तह | पुर्तिमकाडा स्वास्थ्य चौकी ६ | |
| ९३ | चन्द्र कला बुढाथोकी | अ हे ब चौथो तह | पुर्तिमकाडा स्वास्थ्य चौकी ६ | |
| ९४ | गौमाली बुढा | का स | पुर्तिमकाडा स्वास्थ्य चौकी ६ | |
| ९५ | गीता मल्ल | ल्याब टेक्निसियन | कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्र ७ | |
| ९६ | प्रतिक्षा महतारा | अ न मि चौथो तह | कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्र ७ | |
| ९७ | लक्ष्मी चन्द | अ न मि चौथो तह | कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्र ७ | |
| ९८ | सजन पौडेल | ल्याब अ चौथो तह | कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्र ७ | |
| ९९ | पाते नेपाली | का स | कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्र ७ | |
| १०० | सिता ओली | अ न मि चौथो तह | आधारभूत स्वास्थ्य केन्द्र वडा न ८ | |
| १०१ | सिर्जना घर्ति मगर | का स | आधारभूत स्वास्थ्य केन्द्र वडा न ८ | |
| १०२ | यशोदा चन्द | अ न मि चौथो तह | आधारभूत स्वास्थ्य केन्द्र वडा न ९ | |
| १०३ | बसन्त कुमार राना | अ हे ब चौथो तह | आधारभूत स्वास्थ्य केन्द्र वडा न ९ | |

| | | | | |
|---|---|---|---|---|
| १०४ | बिपना रेग्मी | का स | आधारभूत स्वास्थ्य केन्द्र वडा न ९ | |
| १०५ | डा. बिबेक के सी | मे अ आठौ तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| १०६ | प्रतिमा चन्द | रेडियोग्राफर | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| १०७ | निरज शर्मा | रिसेप्सेनिष्ट | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| १०८ | भीमसेन पुन | ल्याब अ चौथो तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| १०९ | शिशिर के सी | अ हे ब चौथो तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ११० | प्रतिमा बिष्ट | अ न मि चौथो तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| १११ | कमला ओली | का स | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ११२ | मुगा पुन | का स | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ११३ | मदन बुढा | का स | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ११४ | रिता देवकोटा | स्वीपर | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |

| | | | | |
|---|---|---|---|---|
| ११५ | जानकी घर्ति | स्वीपर | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ११६ | शान्ति जिरेल राना | स्टाफ नर्स पाँचौ तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ११७ | कमला रोकाय | ल्याब अ चौथो तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ११८ | प्रगति राना मगर | स्टाफ नर्स | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| ११९ | खिमा के सी | अ न मि चौथो तह | शहिद स्मृति नगर अस्पताल खोलागाउ १० | |
| १२० | जानकी के सी | अ न मि चौथो तह | खोलागाउ स्वास्थ्य चौकी ११ | |
| १२१ | जनक के सी | अ हे ब चौथो तह | खोलागाउ स्वास्थ्य चौकी ११ | |
| १२२ | खिमा ओली | का स | खोलागाउ स्वास्थ्य चौकी ११ | |
| १२३ | दिपा ओली | अ न मि चौथो तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न १२ | |
| १२४ | डिल्लीराज जैसी | अ हे ब चौथो तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न १२ | |
| १२५ | प्रबेश शर्मा | अ हे ब चौथो तह | आधारभूत स्वास्थ्य सेवा | |

| | | | | |
|---|---|---|---|---|
| | | | केन्द्र वडा न १३ | |
| १२६ | रिता डाँगी | अ न मि चौथो तह | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न १३ | |
| १२७ | सिता ओली | का स | आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा न १३ | |
| १२८ | जय कुमारी घर्ति | का स | शहरी स्वास्थ्य सेवा केन्द्र लिमिले पोखरी वडा न १४ | |
| १२९ | रोशन ओली | अ न मि चौथो तह | नुवाकोट स्वस्थ्य चौकी १४ | |
| १३० | प्रतिक्षा रेग्मी | अ न मि चौथो तह | नुवाकोट स्वस्थ्य चौकी १४ | |
| १३१ | सुनिता बाठा बि क | का स | नुवाकोट स्वस्थ्य चौकी १४ | |
| १३२ | दिपा ओली कवर | का स | नुवाकोट स्वस्थ्य चौकी १४ | |

## २.७ चौरजहारी नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

नगरपालिकाको वडा र पालिकामा आफ्नै स्वामित्वमा प्रयाप्त जग्गाको स्वामित्व रहेको र एघार वटा वडाहरुमा पक्की भवनहरु रहेका, तथा नगरपालिकाको नयाँ भवन निर्माण भैसकेको छ। नगरपालिकाका वडा न ८ र १२ भाडाका घरमा रहेको र वडा न ६ सामुदायिक बिद्यालय भवनमा रहेको देखिन्छ |

यसै गरी नगरपालिका केन्द्र र वडा कार्यालयहरुबाट सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम गाडी, मोटरसाईकल लगायत यातायातका साधनहरु, फर्निचर र कम्प्यूटर प्रिन्टर एवम् अत्यावश्यक मेशीन औजारहरु समेत समेत उपलब्ध रहेको देखिन्छ ।

# परिच्छेद तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानूनी व्यवस्था समेतका आधारमा आन्तरिक स्रोततर्फ यस स्थानीय तहको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शीर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्वन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधान, २०७२ अनुसूची ८ अनुक्रम ४ बमोजिम स्थानीय तहलाई स्थानीय कर (सम्पत्ति कर,घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन जस्ता राजस्व अधिकार प्रदान गरेको छ भने संघीय कानुन स्थानीय सरकार संचालन ऐन, २०७४ ले ती राजस्व अधिकारको थप व्याख्या गरेको अवस्था छ । जस अनुसार यस स्थानीय तह भित्रको घरजग्गाको मूल्यको आधारमा एकिकृत सम्पत्तिकर वा घरजग्गाकर जसको बिकल्पको रुपमा मालपोत वा भूमिकर, घरजग्गा वहालकर, पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर, रिक्सा, टांगा, अटोरिक्सा, ई रिक्सामा सवारीकर, उन, खोटो, वनकस कवाडीमाल, जीवजस्तुको हाड, सीङ, प्वाँख छालाको व्यवसायिक उपयोगमा जडिवुटी, कवाडी र जीवजन्तुकर, आँफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत वहाल विटौरी शुल्क, आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन पाउने गरी कानूनी व्यवस्था गरेको छ ।

त्यसै गरी आँफूले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदिमा, अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङकन र सिफारिस सम्बन्धी कुनै सेवामा सेवा शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । यसै गरी दस्तुर तर्फ एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, निजी बिद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन, कोचिङ, औषधी पसल, प्लटिङ, ढुंगा, गिटी, वालुवा, माटो, खरिढुंगा, स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग, नक्सापास, पञ्जिकरण, सिफारिस, जग्गा नापजाँच, वस्तु तथा सेवा बिक्री, ढुङा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी कार्यको दर्ता अनुमति वा नवीकरण गर्दा दस्तुर लिन सक्ने व्यवस्था गरेको छ ।

यसै गरी नेपालको संविधान २०७२ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ अनुसार संघ, प्रदेश तथा स्थानीय सरकार बीच बाँडफाँट हुने व्यवस्था अनुसारको राजस्व अधिकार देहाय बमोजिम रहेको छ :

**क) संघ तथा प्रदेश कानुनको आधारमा स्थानीय तहमा प्राप्त हुने**

जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति

- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहीन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**ख) स्थानीय तहमा संकलन भई बाँडफाँट हुने**

- **विज्ञापन कर:** स्थानीय तहले विज्ञापन कर लगाउने र उठाउने । यसरी उठेको रकम स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिशतका दरले बाँडफाँट हुने ।
- **मनोरञ्जन करः** मनोरञ्जन करको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलन भएको रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिशतका दरले बाँडफाँट हुने ।
- **घर जग्गा रजिष्ट्रेशन शुल्कः** घरजग्गा रजिष्ट्रेशन शुल्कको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलित रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिशतका दरले बाँडफाँट हुने ।

**ग) प्रदेश तहबाट संकलन भई वाँडफाँट हुने**

सवारी साधन (टांगा, रिक्सा, अटो रिक्सा, विद्युतिय रिक्सा बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र संकलित रकममध्ये प्रदेशले ६० र स्थानीय तहले ४० प्रतिशत पाउने गरी बाँडफाँट हुने ।

**प्राकृतिक सोतको रोयल्टी बाँडफाँट सम्वन्धी व्यवस्था**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट अन्तरगत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनीज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धमा निम्न व्यवस्था रहेको छ ।

तालिका नं. ४ः प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था

| स्रोतहरू | नेपाल सरकार | सम्बिन्धत प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनीज | ५० | २५ | २५ |
| पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

-स्रोतः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (अनुसूची ४)

कर राजस्व बाँडफाँट सम्वन्धी व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकम मध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सो रकममध्ये संघीय सरकारले ७० प्रतिशत, प्रदेशले १५ प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत बाडँफाँट गर्ने व्यवस्था रहेको छ ।

तालिका नं. ५ः मूल्य अभिवृद्दि कर र अन्त शुल्क बाँडफाँट सम्बन्धी व्यवस्था

| स्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिवृद्दि कर | ७० | १५ | १५ |
| अन्त शुल्क | ७० | १५ | १५ |

-स्रोतः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ परिच्छेद ३ (६)

स्थानीय तह र प्रदेशबीच राजस्व बाँडफाँटको व्यवस्था

एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँट व्यवस्था निम्न बमोजिम रहने व्यवस्था छ ।

तालिका नं. ६ः मूल्य अभिवृद्दि कर र अन्त शुल्क बाँडफाँट सम्बन्धी व्यवस्था

| करका क्षेत्रहरू | कर निर्धारण गर्ने तह | संकलन गर्ने तह | राजस्व बाँडफाँट (प्रतिशतमा) |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय | ४० | ६० |

**-स्रोतः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६**

**अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)

- कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने ।

## ३.२ चौरजहारी नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

**तालिका नं. ७ः आन्तरिक आयका परिचालनको वर्तमान अवस्था**

| क्र.स. | आयका शीर्षक | सम्भाबनाको विवरण (छ, छैन) | दर निर्धारणको अवस्था भएको/ नभएको | संकलन भएको/ नभएको |
|---|---|---|---|---|
| (क) करतर्फ | | | | |
| १ | भूमिकर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, ईरिक्सा) | छ | भएको | भएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | भएको |
| ७ | विज्ञापन कर | छ | भएको | भएको |
| ८ | मनोरञ्जन कर | छैन | नभएको | नभएको |
| (ख) अन्य राजस्व | | | | |
| १ | स्लेट,ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुको बिक्री | छ | भएको | भएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | भएको | भएको |
| ३ | वन पैदावार (सामुदायिक वनको), विक्री बापतको आय | छ | भएको | नभएको/करको दायरामा नआएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ५ | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | छ | भएको | भएको |

| | | | | |
|---|---|---|---|---|
| ६ | बहाल बिटौरी शुल्क | छ | भएको | भएको |
| ७ | पार्किङ्ग शुल्क | छ | भएको | भएको |
| ८ | अस्पताल संचालन | छैन | नभएको | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | भएको | भएको |
| १० | स्थानीय खानेपानी महसुल | छ | भएको | भएको |
| ११ | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| १२ | केवलकार, ट्रकिङ्ग, -याफटिंङ्ग, कायाकिङ्ग, बञ्जीजम्प, जिपफलायर, प्यारागलाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | नभएको | भएको (-याफटिंङ्ग हाल बन्द रहेको) |
| १३ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल, निकास, सडकवत्ती, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पुशु बधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि | छ (सभागृह र सावर्जनिक शौचालय वडा न २) | भएको | निर्माणाधीन भएको |
| १४ | मुल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| १५ | दर्ता, अनुमति तथा नबीकरण दस्तुर (एफएम रेडियो संचालन, घ बर्गको ईजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि ) | छ | भएको | भएको |
| १६ | ढुंगा, गिट्टी, बालुवा, नून, माटो, खरीढुंगा, स्लेटजस्ता बस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | भएको | भएको |
| १७ | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १८ | दण्ड जरिवाना | छ | भएको | भएको |

| | | | | |
|---|---|---|---|---|
| १९ | सरकारी सम्पत्तिको बहालबाट आय | छ | भएको | भएको |

## ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

प्रचलित कानून बमोजिम आन्तरिक स्रोततर्फ संकलन गर्ने राजस्वमध्ये यस स्थानीय तहले हाल उठाइरहेका विद्यमान तथा संभावित नयाँ आय क्षेत्रहरुको संभावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।

### ३.३.१ (कर राजस्व र गैर कर राजस्व)

**क) सम्पत्ति कर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकालाई आफ्नो क्षेत्रभित्र तोकिएको दरमा एकीकृत सम्पत्ति कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ । ऐनले सबै स्थानीय तहलाई २०७५ साउन १ गतेबाट हाल लिँदै आएको मालपोत (भूमिकर) कर परिवर्तन गरी अनिबार्य रुपमा एकीकृत सम्पत्ति कर उठाउने पर्ने वाध्यकारी ब्यवस्था गरेको भएतापनि आर्थिक ऐन २०७५ को दफा ३४ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरेको संशोधनले स्थानीय सरकार संचालन ऐनको दफा ५५ र ५६ खारेज गरी एकीकृत सम्पत्ति कर सम्बन्धी विद्यमान कानूनी व्यबस्थामा परिवर्तन गरेको र सम्पत्ति कर नलागेको जग्गामा भूमिकर (मालपोत) लगाउन सक्ने वैकल्पिक व्यवस्था गरेकोले सम्पत्तिकर लाग्ने सम्पत्तिमा सम्पत्तिकर र अन्य सम्पत्तिमा मालपोत वा भूमिकर लगाउन सक्ने देखिन्छ ।

आर्थिक वर्ष ०७७/७८ मा रू. ३५८३९३.९७, ०७८/७९ मा रू. २०७००९.०० र ०७९/८० मा रू. ५०३०००.०० सम्पत्ति कर संकलन भएको देखिन्छ ।

चौरजहारी नगरपालिका रुकुम पश्चिम जिल्लाको सुगम केन्द्र भएको कारणले यहाँ जिल्ला भित्रका विभिन्न स्थानीय तहहरु र अन्य जिल्लाहरुबाट समेत मानिसहरु स्थायी वा अस्थायी बसोबासको लागि आउने गरेका छन्।सम्पत्ति करको अनुमानित कर संकलनको संभावना विश्लेषणको लागि यस नगरपालिकाको राष्ट्रिय जनगणना २०७८ बमोजिम पालिकाका सम्पूर्ण ६८३७ घरधुरीलाई आधार मानेर सम्पत्ति करको अनुमान गरिएको छ ।हाल यस नगरपालिकाले रु पाचलाख देखि एक करोड भन्दा माथिसम्म ०.०३ प्रतिसत देखि ०.२ प्रतिशत सम्म कर लगाएको देखियो| त्यसैले करको दायरा बढाएर दर घटाउनु श्रेयस्कर देखिन्छ| त्यसै अनुरुप करको दरलाई ०.०२० प्रतिशत देखि ०.०५ प्रतिशतसम्म कायम गर्दा कर आय उल्लेख्य वृद्धि हुने देखिन्छ|

**तालिका नं. ८ः सम्पत्ति कर अनुमान प्रक्षेपण**

| करदाता संख्या प्रतिशत | अनुमानित करदाता संख्या | अनुमानित अचल सम्पत्ति मूल्यांकन (रु.) | कर दर प्रतिशत (%) | औसत करभार (रु.) | अनुमानित प्रक्षेपण (रु.) |
|---|---|---|---|---|---|
| ५० प्रतिशत | ३४१९ | ५००००० | ००२.०% | १०० | ३४१८५० |
| ३० प्रतिशत | २०५१ | १०००००० | ००२५.% | २५० | ५१२७७५ |
| १५ प्रतिशत | १०२६ | २०००००० | ००३.०% | ६०० | ६१५३३० |
| २.५ प्रतिशत | १७१ | ५०००००० | ००३५.% | १७५० | २९९११९ |
| १.५ प्रतिशत | १०३ | १०००००० | ००४.०% | ४००० | ४१०२२० |
| ०.७५ प्रतिशत | ५१ | २०००००० | ००४५.% | ९००० | ४६१४९८ |
| ०.२५ प्रतिशत | १७ | ५०००००० | ००५.०% | २५००० | ४२७३१३ |
| **जम्मा** | ६८३७ | | | | ३०६८१०४ |

**स्रोतः केन्द्रीय तथ्यांक बिभाग २०७८/चौरजहारी नगरपालिका, २०८१**

साथै उपलब्ध तथ्यांङ्कको आधारमा यस पालिकाको कूल घरधुरीलाई सम्पत्ति करको दायरामा ल्याई अचल सम्पत्तिको मूल्यांकनका आधारमा उपरोक्त तालिकाको आधारमा ५० प्रतिशत घरधुरीलाई बार्षिक रु. १००, ३० प्रतिशतलाई बार्षिक रु. २५०, १५ प्रतिशतलाई रु.६००, २.५ प्रतिशत घरधुरीलाई बार्षिक रु. १७५०, १.५ प्रतिशत घरधुरीलाई बार्षिक रु.४०००, ०.७५ प्रतिशत घरधुरीलाई बार्षिक रु. ९००० र ०.२५ प्रतिशत घरधुरीलाई बार्षिक रु. २५००० बार्षिक कर लगाउँदा बार्षिक रु. ३० लाख ६८ हजार १ सय ४ रुपैंया अनुमान गरिएको छ । उपरोक्त अनुमानको आधारमा आ.व २०८१/८१, २०८२/८३ र २०८३/८४ मा सम्पत्ति करको दर १० प्रतिशतले बृद्धि हुने अनुमान समेत गरिएको छ । पालिकाले सबै घरधुरीहरुलाई सम्पत्तिकरको दायरामा ल्याई कर तीर्न प्रोत्साहन गर्न सकेमा र दायरामा ल्याउन सकेमा अझै बढी सम्पत्ति कर संकलन हुने देखिन्छ। यो कर प्रणाली कार्यान्वयन गराउनका लागि कर दर र दायरा विश्लेषणको आधारमा लक्ष्य निर्धारण गर्दै तथ्यांक अद्यावधिकका लागि घरधुरी सर्वेक्षण गरी करयोग्य सम्पत्तिको मूल्यांकनका गरी प्रचलित बजार मूल्यसँग तालमेल मिलाउँदै व्यवस्थापकीय क्षमता निर्माण गर्नु अति आवश्यक छ । त्यसैगरी घरको हकमा मुल्य ह्रास दर पनि तोक्नु पर्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

सम्पत्ति कर कार्यान्वयनका लागि पालिकाले सम्बोधन गर्नुपर्ने विषय देहायबमोजिम रहेका छन्ः

- आर्थिक ऐन बमोजिम सम्पत्ति कर संकलनको लागि जनप्रतिनिधि र कर्मचारी कडाईका साथ लाग्ने ।
- आर्थिक ऐनमा संविधान र संघीय कानूनको व्यवस्था अनुसार आर्थिक ऐनमा प्रगतीशिल करको सम्पत्ति कर व्यवस्थापनको कार्यविधिको व्यवस्था गर्ने ।
- सम्पत्ति मूल्यांकनमा स्वघोषणा विधिबाट कर व्यवस्थापनबारे पदाधिकारी तथा कर्मचारीहरुका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ति करको व्यवस्था बारे आमजनताहरुलाई विभिन्न माध्यमबाट सुसूचित गर्ने ।
- सफ्टवयर, उपकरण तथा पूर्वाधार तयार गरी पालिका कार्यालय तथा सबै वडा कार्यालमा कम्प्युटरमा आधारित बिलिङ प्रणालीलाई अनिवार्य गर्ने ।

**ख) भूमिकर (मालपोत)**

नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर लगाई असूल उपर गर्ने व्यवस्था गरिएको छ । विगतको असूल गर्न बाँकी मालपोत कर सोही आर्थिक वर्षको लागि निर्धारण गरिएको दर र प्रत्येक वर्ष १० प्रतिशतको दरले जरिवानासमेत असूल गर्ने व्यवस्था आर्थिक ऐनमा भएको देखिन्छ । विक्रम सम्वत् २०६१ सालभन्दा अगाडि सम्पत्ति कर वुझाउन वाँकी रहेका करदाताहरुको एकीकृत सम्पत्तिकर गणना गर्दा २०६१ सालदेखिको मात्र गणना गरी कर असूली गर्ने व्यवस्था मिलाईएको छ । खेत र पाखाबारीलाई अब्बल, दोयम, सिम र चाहारमा वर्गीकरण गरी १ देखि २० रोपनीसम्म, २० रोपनीदेखि माथिको लागि अलग अलग प्रतिरोपनी भूमिकर लगाइँदै आएको छ ।भूमिकर अन्तरगत आ.व. २०७७/७८ मा रु. ३०२४४२१.५०, ०७८/७९ मा रु. २१३२६८३.२३ , र ०७९/८० मा रु. २६०००००.०० कर संलकन भएको देखिन्छ ।

यसबाट पालिकाले सबै करदाताहरुलाई करको औचित्य पुष्टि गर्दै करको दायरामा ल्याउन प्रयास गरिरहेको देखिन्छ । जसका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५६ आर्थिक ऐन २०७५ को संसोधन मार्फत गरिएको व्यवस्था अनुसार पालिकाले मालपोत वा भूमिकर कार्यान्वयनका गर्न मालपोत कार्यालयसँग समन्वय गरी पालिका भित्रका जग्गाधनी र जग्गाको तथ्यांक अभिलेखीकरण गर्ने, साविकको दरमा मुख्य बजार क्षेत्र तथा सडक(अब्बल,दोयम,सिम र चाहार/पाचौं) पहुँच पुगेको (खेत र बारी)स्थानको जग्गा लगायत जग्गाको क्षेत्रफलको मूल्याङ्कनको मालपोत दर निर्धारण गर्ने तथा मालपोतको दर परिमार्जन गरी प्रगतिशील कर प्रणाली अवलम्बन गरी कर संकलन गर्न सकिन्छ ।यदि भूमिलाई पुन बर्गिकरण गरेर करको दायरा फराकिलो बनाउदा करिब बिस प्रतिसत बढी आय थपिने देखिन्छ|

**सुधारका पक्षहरूः**

- मालपोत कार्यालयसँग समन्वय गरी पालिकामा जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।

- मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका ठाउँमा बढी मूल्य जाने क्षेत्रमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका ग्रामिण क्षेत्रमा करको दर कम निर्धारण गर्ने ।
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

**ग) घर जग्गा वहाल कर**

यस नगरपालिकाभित्रका कुनै व्यक्तिले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लिइने कर घरजग्गा बहाल कर हो । यो कर स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र रहेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार पालिकामा नै रहेकोले यस नगरपालिकाले चौरजहारी नगरपालिकाको आर्थिक ऐन २०८० को अनुसूची (३) बमोजिम बहाल रकमको १० प्रतिशतको दर तोकेको देखिन्छ । आ.व. ०७७/७८ मा रू. १००००००.०० ,आ.व. ०७८/७९ मा रू.२८१४७८.०० र आ.व. ०७९/८० मा रू. ५५००००.०० घरजग्गा बहाल कर संकलन भएको देखिन्छ ।

यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन घरवहाललाई आवासीय र व्यावसायिक दरमा वर्गीकरण गरिएको छ भने विद्यमान करको दरलाई परिवर्तन गरि आवासीय तर्फ बार्षिक भाडा रकम अनुसार ४ देखि १० प्रतिसत सम्म र व्यवसायिक क्षेत्रका लागि ५ देखि १० प्रतिसत सम्म करको दर प्रस्ताव गरिएको छ ।

**तालिका नं. ९ः व्यवसायिक भाडा दरको प्रक्षेपण**

| क्र.सं. | व्यवसायिक भाडा दर (बार्षिक) | अनुमानित संख्या | दर रेट (%) | अनुमानित आय |
|---|---|---|---|---|
| १ | ३०००० | २७० | ०.०४ | ३२४००० |
| २ | ६०००० | २२५ | ०.०५ | ६७५००० |
| ३ | १२०००० | १८० | ०.०६ | १२९६००० |
| ४ | २४०००० | ९० | ०.०७ | १५१२००० |
| ५ | ६००००० | ७२ | ०.०८ | ३४५६००० |
| ७ | १२००००० | ४५ | ०.०९ | ४८६०००० |
| ८ | २४००००० | १८ | ०.१ | ४३२०००० |
| | **जम्मा** | ९०० | | १६४४३००० |

**स्रोतः चौरजहारी नगरपालिका, २०८१**

घरवहाल करलाई प्रभावकारी वनाउन पालिकाले देहायका कार्य गर्नु आवश्यक देखिन्छ :

- स्थलगत सर्वेक्षण गरी भाडामा रहेका संरचनाको विवरण संकलन गरी लगत तयार गर्ने ।
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।
- घर जग्गा बहाल कर लगाउने र उठाउने सम्बन्धी कार्यविधि निर्माण गरी लागु गर्ने ।

- घर वहाल कर नतिर्ने घरधनीलाई पालिकाबाट प्राप्त हुने सुविधावाट बञ्चित गर्ने नीति लिने ।
- घरजग्गा बहाल कर प्राप्त गर्ने घरजग्गा धनीको वार्षिक प्राप्त गर्ने घरजग्गा बहालकरको आधारमा वर्गीकरण गरेर बहालकरमा ४ देखि १० प्रतिशतको कर व्यवस्थापन गर्नु सान्दर्भिक हुने देखिन्छ ।

तसर्थः घर वहाल करलाई प्रभावकारी वनाउन पालिकाले राजस्व परामर्श समितिको नियमित अनुगमन बढाउने, कर तिरे वापत हुने फाइदाका सम्बन्धमा जानकारी गराउने, समयमै कर बुझाउने उत्कृष्ट करदातालाई पुरस्कारको घोषणा गर्ने, करका विषयमा आम सञ्चारमाध्यम प्रयोग गरी करदाता सचेतना अभिबृद्धि गर्ने, स्थलगत सर्वेक्षण गरी भाडामा रहेका संरचनाको विवरण संकलन गरी लगत तयार/अद्यावधिक गर्ने तथा घर जग्गा बहाल कर सम्बन्धी कार्यविधि निर्माण गरी लागु गर्नुका साथै घरवहाल तिर्न प्रोत्साहन गरी राजस्वमा वृद्दि गर्न सकिन्छ ।

### घ) व्यवसाय कर र रजिष्ट्रेशन दस्तुर

पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा कर लगाइने  र असूल उपर गर्ने अधिकार स्थानीय तहसँग रहेको छ । व्यवसाय कर यस पालिकाको प्रमुख आयको रुपमा लिन सकिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका व्यबसायहरुलाई वर्गीकरण गरी व्यवसाय कर लगाउन  सक्दछ । व्यवसाय करको दर नगरसभाले स्वीकृत गरेको आर्थिक ऐनद्वारा निर्धारण गरिएको हुन्छ । यस पालिकाले पनि विभिन्न व्यवसायहरूको वर्गीकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ । पालिकामा व्यवसाय सम्बन्धी तथ्यांक नभएता पनि अध्ययनको क्रममा गरिएको अन्तरक्रिया र स्थलगत अनुगमनको आधारमा पालिका क्षेत्रभित्र साना, मझौदा तथा ठूला पसल व्यवसायहरु भएको देखिन्छ । आ.व. ०७७/७८ मा रू. ७५९८००.००,आ.व. ०७८/७९ मा रू. ३२७४००.०० र आ.व. ०७९/८० मा रू. ५१०६०४.८१ व्यवसाय रजिष्ट्रशन दस्तुर संकलन भएको देखिन्छ । नगरपालिकामा वडा र राजस्व शाखामा कार्यरत कर्मचारीहरुका अनुसार यस नगरपालिकामा झण्डै २००० पसल व्यवसाय रहेको अनुमान गरिएको छ ।  आगामी आ.व. का वर्षहरुमा १० प्रतिशतले राजस्व बढ्ने अनुमान प्रस्ताव गरिएको छ ।

चौरजहारी  नगरपालिकाले आर्थिक ऐन २०८० को अनुसूची ४ मा नगर क्षेत्रभित्र सञ्चालनमा रहेका र सञ्चालन हुन सक्ने विभिन्न प्रकृतिका व्यवसायहरुको दर्ता शुल्क र वार्षिक नवीकरण शुल्क निर्धारण गरेको छ  । व्यवसाय वार्षिक नवीकरण शुल्क न्यूनतम रु ५०० देखि अधिकतम रु. ९५०० सम्म तय गरेको देखिन्छ । रु दसलाख सम्मका ब्यबसायहरुले कर तिरिरहेको देखिन्छ| नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न व्यवसायहरुलाई लगानीको आधारमा क, ख, ग, घ आदिमा वर्गीकरण गरेर वार्षिक न्यूनतम नवीकरण शुल्कको रुपमा कर लिनु सान्दर्भिक हुने देखिन्छ । यसको लागि यसै बमोजिम आर्थिक ऐनमा परिमार्जन गरी व्यवसाय कर संकलन गर्दा प्रभावकारी हुने देखिन्छ ।

**तालिका नं. १०: व्यवसायिक राजस्वको अनुमानित प्रक्षेपण**

| क्र.सं. | व्यवसायको विवरण | व्यवसायी प्रतिशत | अनुमानित संख्या | दर रेट रू. | अनुमानित आय रू. |
|---|---|---|---|---|---|
| १ | २ लाखसम्म | ४० | ८०० | ५०० | ४००००० |
| २ | २ लाखदखि ५ लाखसम्म | ३० | ६०० | १००० | ६००००० |
| ३ | ५ लाखदखि १० लाखसम्म | २० | ४०० | २००० | ८००००० |
| ४ | १० लाखदेखि ५० लाखसम्म | ५ | १०० | ५००० | ५००००० |
| ५ | ५० लाखदेखि १ करोडसम्म | २ | ४० | १०००० | ४००००० |
| ६ | १ करोडदेखि ५ करोडसम्म | २ | ४० | २५००० | १०००००० |
| ७ | ५ करोडभन्दा माथि | १ | २० | ४०००० | ८००००० |
| | **जम्मा** | १०० | २००० | | ४५००००० |

**स्रोतः चौरजहारी नगरपालिका, २०८१**

**सुधारका पक्षहरूः**

व्यवसाय करलाई थप वैज्ञानिक र प्रभावकारी वनाउन देहायका कार्यहरु गर्न सकिन्छ :

- व्यवसाय कर सम्वन्धी आवश्यक सूचनासहितको व्यवसायहरुको यथार्थ विवरण संकलन तथा लगत अध्यावधिक गर्ने ।
- व्यवसाय कर दरमा समय सापेक्ष समीक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागू गर्ने ।
- व्यवसाय कर संकलनका सम्बन्धमा स्थानीय तहमा रहेको उद्योग वाणिज्य संघसँग समन्वय गर्ने ।
- कर तिर्ने व्यवसायीको “व्यवसायी संकेत नं.” कायम गर्ने ।
- एकै प्रकृतिको व्यवसायलाई लगानी तथा कारोबारको आधारमा ठूला,मझौला र साना (क ख ग घ) वर्गमा वर्गीकरण गरी करको दर निर्धारण र परिमार्जन गर्ने ।

**ङ ) विज्ञापन कर**

विगतका आर्थिक वर्षहरुमा विज्ञापन कर संकलन गरिएको देखिँदैन।चौरजहारी नगरपालिकाको आर्थिक ऐन २०८० को अनुसूची (७) मा विज्ञापन करको व्यवस्था गरिएता पनि विगतका वर्षहरुमा विज्ञापन कर संकलन गरेको देखिँदैन । चौरजहारी नगरपालिका रुकुम पश्चिम जिल्लौ ठूलो बजार क्षेत्र रहेकोले पालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर संकलनमा ढिलाई गर्नु हुँदैन । संघीय कानुन अनुसार यो कर पालिकाले दर निर्धारण र संकलन गर्ने तथा प्रदेशलाई ४० र स्थानीय तहलाई ६० प्रतिशतका दरले बाँडफाँट हुने व्यवस्था रहेको छ । पालिकामा यस्ता विज्ञापनको लागि उपयुक्त

वोर्ड राख्ने स्थान स्टल तथा कन्सर्ट गर्ने उपयुक्त स्थान के कति संख्यामा छ भन्ने विवरण उपलव्ध गराई कर संकलन गर्न सकिन्छ ।

यस पालिकाको वर्तमान अबस्था अनुसार निम्न बमोजिमको बार्षिक विज्ञापन कर उठाउन सकिने देखिन्छ ।

**तालिका नं. ११ विज्ञापन कर उठाउन सकिने संभावना**

| क्र.स. | विवरण | व्यवसायको संख्या | विज्ञापनको आकार वर्गफिट | प्रति वर्गफिट दर रु. | अनुमानित आय रु. |
|---|---|---|---|---|---|
| १ | विज्ञापन बोर्ड | ५०० | १२ | ५० | ३००००० |
| २ | डिजिटल विज्ञापन बोर्ड | १०० | १२ | १०० | १२०००० |
| ३ | अन्य विज्ञापनहरु | | | | १००००० |
| | **जम्मा** | | | | ५२०००० |

**स्रोतः चौरजहारी नगरपालिका, २०८१**

**सुधारका पक्षहरूः**

पालिका क्षेत्रभित्र रहेका विज्ञापन वोर्ड तथा अन्य व्यापारिक विज्ञापन वोर्डहरुको अभिलेख तयार गर्ने,

- विज्ञापन सम्बन्धी कार्यविधि बनाई लागू गर्ने ।
- विज्ञापनको प्रकृति ,ढाँचा हेरी करको दर निर्धारण गर्ने ।
- विज्ञापन सामग्री तथा प्रयोग हुन सक्ने स्थानहरुको यथार्थ तथ्यांक संकलन तथा अध्यावधिक गर्ने ।

**च) खनीज**

चौरजहारी नगरपालिका स्लेट ढुंगाको लागि निकै प्रख्यात छ| यस पालिकामा स्लेटको खानी व्यक्तिगत जमिनमा धैरै उत्खनन भैरहेको देखिन्छ| अध्ययन र अनुसन्धान नभएको कारणले के कति सार्बजनिक जमिनमा स्लेट खानी रहेको र त्यसबाट कति परिमाणमा उत्खनन गर्न सकिन्छ भन्ने यकिन नभएको देखिन्छ| त्यसैले यस पालिका क्षेत्रमा उत्खनन् गर्न सकिने खनीज पदार्थहरुको अध्ययन हुनु जरुरी देखिन्छ । यस अध्ययनलाई संघ वा प्रदेश सरकार वा सम्बन्धित केन्द्रिय निकायबाटै अध्ययन अनुसन्धान हुनु आवश्यक देखिन्छ । बिगतका आर्थिक बर्षमा स्लेट बिक्रि गरे बापत पालिकाले निजि बिक्रेता बाट केहि रकम आम्दानी गरे पनि उक्त रकम वास्तविक दस्तुर भन्दा निकै कम रहेको देखिन्छ| खानी तथा खनीज क्षेत्रको संभाव्यता अध्ययनको लागि यस पालिकाका सरोकारवाला , विज्ञ र स्थनीयहरुको माग र आवाज रहेको पाईन्छ । सम्बन्धित सरोकारवाला पक्ष तथा निकायले यस तर्फ ध्यान दिई आवश्यक कानून, नीति,कार्यविधि र कार्यक्रम बनाई यस्ता खनिज पदार्थको उत्खनन्

तथा प्रशोधन गर्ने दिशामा पालिकाले समेत दीर्घकालीन योजनाका साथ अगाडि बढ्नु आवश्यक देखिन्छ ।

### छ) वन तथा जडिबुटी

यस पालिका क्षेत्र भित्र पर्ने वनजंगलमा खोटो, चिराईतो, जटामसी, बेल, पदमचाल, रुद्राक्ष जस्ता जडिबुटीहरु पाईन्छ । यसको उचित उत्पादन र प्रशोधन तथा प्रवर्धन नहुँदा यस्ता जडिबुटीहरु खेर गईरहेको पाईन्छ । जडिबुटीहरुको उचित प्रशोधन तथा प्रवर्धन गर्न सकेमा यस क्षेत्रमा आर्थिक, रोजगारी तथा राजस्वमा वृद्दि गर्न सकिने देखिन्छ । सम्बन्धित सरोकारवाला पक्ष तथा निकायले यस तर्फ ध्यान दिई आवश्यक नीति तथा कार्यक्रम बनाई प्रशोधन तथा प्रवर्धन गर्नु पर्नेमा स्थानीयहरुको माग र आवाज रहेको पाईन्छ ।काठमा उत्तिस, चिलाउने, मलहतो, कटुस लगायतका काठका लकडीहरु निकासी हुने गरेको छ । । पालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरेका जंगली जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत चौरजहारी नगरपालिकाको आर्थिक ऐन २०८० को अनुसूची (५) बमोजजमको कर लगाउन र असूल उपर गरी कर संकलन गर्न सकिनेछ।

### ज) कृषि तथा पशुपंक्षी

यस पालिका क्षेत्र भित्र कृषि, पशुपंक्षी र साना तथा घरेलु उद्योग संचालन गर्न सकिने संभावना रहेको छ । कृषिमा कोदो ,मकै, फापर, जौं ,गहुँ, आलु, दालजन्य गेडागुडी, अलैंची, किवी, सुन्तला, कागती, पशुपंक्षीमा भेडा,बाख्रा,खसीबोका, सुँगुर, कुखुरा,हाँस आदि र जनावरको हाडखोर ,प्वाँख खाला , नङग्रा सिंङ र रौं आदि जस्ता उत्पादनलाई प्रोत्साहन र कृषिमा व्यवसायिक बनाउन कार्यक्रम तथा बजेट व्यवस्थापन गरी व्यवसायिक कारोवार गरेवापत चौरजहारी नगरपालिकाको आर्थिक ऐन २०८० को अनसूची (४) बमोजिमको कर लगाइने र कर संकलन गर्न सकिनेछ ।

## ३.३.२ गैर कर राजस्व

### (क) बिक्रीबाट प्राप्त रकम

### क.१ स्लेट, ढुंगा, गिटी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

चौरजहारी नगरपालिकाको महत्वपूर्ण आम्दानीको श्रोत स्लेट ढुंगा भएको देखिन्छ| ढुंगाको खानी व्यक्तिगत जमिनमा रहेको हुनाले हालसम्म नगरपालिकाले कति उत्खनन र बिक्रि भयो भन्ने तथ्यांक आफैले संकलन गर्न नसकेको देखिन्छ| साथै डुंगा तथा बालुवाको बिक्रीबाट पनि आम्दानी यसले दिने क्षमता भन्दा कम देखिन्छ| गत आर्थिक बर्षमा एउटा स्लेट बापत पालिकाले जम्मा ८००००० संकलन गरेको देखिन्छ| कति स्लेट उत्खनन भयो र बिक्रि भयो भन्ने यकिन र अनुगमन गर्दा यसले सत प्रतिसत प्रतिशत आम्दानी बढाउने अनुमान गर्न सकिन्छ|

नदिजन्य उत्खननको कमि हुनको पछाडी ठेक्का नलागेको देखियो|

### क.१ स्लेट, ढुंगा, गिटी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

**हालको अवस्थाः** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

**हालको अवस्थाः** नगरपालिकाको वडा नं ५, ६, ७, १० र ११ मा जहारी खोला र बडा न १, २ र ३ मा भेरी नदीको ढुंगा, गिट्टी, बालुवा उत्खनन् गर्रिँदै आएको छ ।

**संभावनाः** बालुवा उत्खनन लागि जहारी खोला र भेरी नदी दुवै व्यापक संभावना भएका नदीहरू हुन् । बालुवाको स्रोत भएको स्थानसम्म गुणस्तरीय मोटरबाटो पुर्याउन सक्दा र समग्र जिल्ला एवम् आसपासमा ब्यापक आर्थिक गतिविधिहरु बढ्दा यस क्षेत्रबाट उल्लेख्य राजस्व संकलन ुहने अवस्था रहेको छ ।

**सुधारका पक्षहरूः**

- सम्बन्धित सबै क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने ।
- ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रिया अगाडि बढाउनु पूर्व नगरसभाबाट बिक्रीको दर परिमार्जन गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- नगरपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

## क.२ सामुदायिक वनको वन पैदावार विक्रीबाट प्राप्त हुने आय

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधनमा यस सम्बन्धी देहाय बमोजिमको व्यवस्था गरेको छ :

- *सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका वा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।*

- *वन पैदावरको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ ।*

हालसम्म यस क्षेत्रबाट राजस्व संकलन भएको देखिँदैन । यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनहरुलाई दर्ताको प्रकृयामा ल्याई हरेक सामुदायिक वनहरुको वार्षिक आम्दानी बमोजिम न्यूनतम थप राजस्व संकलन गर्न सकिने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- नगरपालिका क्षेत्रभित्र रहेका सामुदायीक वन उपभोक्ता समितिहरुसँग समन्वय गरी यस सम्बन्धी जानकारी सहितको छलफल गर्ने ।
- सामुदायिक वन तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायिक वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना स्वीकृत गर्ने व्यवस्था मिलाउने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## (ख) बहाल बिटौरी शुल्क

**हालको अवस्थाः** आ.व. ०७७/७८ मा रू. २९३९००.००, आ.व. ०७८/७९ मा रू. १५४१८००.०० र आ.व. ०७९/८० मा रु ११२०००.०० शुल्क संकलन भएको देखिन्छ।

भविष्यमा यस क्षेत्रबाट आन्तरिक आय संकलन गर्नको लागि नगरपालिकाको स्वामित्वमा भएका सार्वजनिक जग्गाहरुको लगत तयार पार्ने, आफ्नो स्वामित्वमा भएका सम्पत्तिहरुलाई भाडामा लगाउने योजना बनाएर अगाडि बढ्दा आन्तरिक आय बढाउन सकिने संभावना रहन सक्दछ । यसको लागि नगरपालिका नेतृत्वले सोही बमोजिम रणनीतिक ढंगबाट वार्षिक कार्यक्रमहरु समेत अगाडि बढाउनु आवश्यक छ ।

**सुधारका पक्षहरूः** नगरपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि

- सार्वजनिक जग्गा प्रयोग गरी स्थानीय स्तरबाट विभिन्न उत्पादनमूलक कार्यक्रम संचालन गरी यसरी जमिन उपयोग गरेबापत बहाल विटौरी शुल्क लिने व्यवस्था मिलाउने ।
- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने ।
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी वहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरी कार्यान्वयन गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजारलाई प्रबर्धन गर्ने नीति अबलम्बन गर्ने ।

**(ग) पार्किङ शुल्क**

**हालको अवस्थाः** विगत तीन आर्थिक वर्षहरुमा पार्किङ क्षेत्रबाट शुल्क संकलन गरेको देखिँदैन ।

**सम्भावनाः** चौरजहारी नगरपालिका रुकुम पश्चिम जिल्लाको मात्रै नभएर सल्यान र जाजरकोट जस्ता जिल्लाहरुको समेत रणनीतिक केन्द्र हो।यो पालिकामा नया शहर पनि निर्माणको अबस्थामा छ| यस नगरपालिका क्षेत्रमा विभिन्न परियाजना मार्फत् सडक निर्माणका काम तीब्र रुपले बढ्दै गईरहेको छ भने यहाँका जनताहरुले समेत निजी सवारी किन्ने र त्यसको प्रयोग गर्ने दर बढ्दो देखिन्छ ।नगरपालिकाका मुख्य बजारक्षेत्र चौरजहारी बजारमा व्यवस्थित पार्किङ पूर्वाधारको व्यवस्था/विकास गर्नु आवश्यक देखिन्छ ।यस क्षेत्रबाट नगरपालिकाले राम्रो आम्दानी लिन सक्ने संभावना रहेको छ । चौरजहारी पालिकाले नगर बस संचलान गरेको छ र यसबाट मनग्य आम्दानी गरेको देखिन्छ| यातयात क्षेत्रको आम्दानी २०७७/७८ मा नगर बसले रु १४३०५९८.०० आम्दानी गरेको देखिन्छ| २०७८/९८ मा यातायात क्षेत्रको आम्दानी रु ५१९३११०.००, र २०७९/८० मा यसको आम्दानी रु ९४२०४९५.०० रहेको देखिन्छ|

**सुधारका पक्षहरूः** नगरक्षेत्रको सुन्दरता कायम राख्दै, सवारी व्यवस्थित गरी नगरबासीलाई सुविधा प्रदान गर्न

देहायका कार्य गर्नुपर्ने देखिन्छ :

- आर्थिक ऐनमा पार्किङ शुल्कका दरहरु वैज्ञानिक बनाउँदै यस क्षेत्रलाई कार्यान्वयनमा लैजाने ।
- नगरपालिकाका मुख्य बजारक्षेत्र (.........) बजारमा पार्किङ पूर्वाधारको व्यवस्था/विकास गर्ने ।
- अन्य संभावित बजार क्षेत्रहरुमा समेत पार्किङ पूर्वाधार निर्माण गर्ने नीति अबलम्बन गर्ने ।

**(घ) घरनक्सा पास दस्तुर**

**हालको अवस्थाः** चौरजहारी नगरपालिका भित्र बन्ने घर तथा अन्य संरचनाको नक्सापास सुधार उन्मुख रहेको छ| आ.व. ०७७/७८ मा रू. ३०४३४०.००,आ.व. ०७८/७९ मा रू. ३१३५९५.०० र आ.व. ०७९/८० मा रू. ४९९०३६.०० नक्सापास दस्तुर संकलन भएको देखिन्छ ।आ ब २०८०/८१ मा चार वटा घरको नक्सा पास भैसकेको र १८ वटा प्रक्रियाममा रहेकाले नक्सापास दस्तुरमा उलेख्य सुधार भइ आम्दानी बढ्ने देखिन्छ|

**संभावनाः** चौरजहारी नगरपालिका नया शहर योजनामा परेको हुनाले नया घर र संरचनाको निर्माण निकै चाडो हुने सम्भावना रहेको छ र साथै पश्चिम पहाडी जिल्लाहरुकै एक रणनीतिक शहर उन्मुख क्षेत्र भएकोले नक्सापास क्षेत्रबाट उल्लेख्य आन्तरिक आय संकलन हुने संभावना रहेको छ।हालको बासस्थान विस्तार र घर संरचनाको अवस्था हेर्दा करिब पचास प्रतिसत बढी दस्तुर संकलन हुने अनुमान गर्न सकिन्छ|

**सुधारका पक्षहरूः**

घर अभिलेखीकरण(७८/७९ मा १२ वटा, ७९/८० मा १९ वटा र ८०/८१ मा २२ वटा घर अभिलेखिकरण भएका देखिन्छ) तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने ।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागू गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने ।

(ङ) अन्य दस्तुरहरु

**हालको अवस्थाः** अन्य दस्तुरहरुमा नाता प्रमाणित दस्तुर, एजेन्सी रजिष्ट्रेशन दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, सिफारिस दस्तुर र व्यवसाय रजिष्ट्रेशन दस्तुर संकलन हुँदै आएको छ । विगतका वर्षहरुको औसत बृद्धिदर अनुसार नै यस्ता दस्तुरहरु संकलन गर्न सकिने आकलन गरिएको छ । आर्थिक बर्ष २०७९/८० मा अन्य दस्तुर बापत रु ३०००००० संकलन भएको देखिन्छ| अघिल्ला आर्थिक बर्ष मा अन्य दस्तुर रु ४०६२४९.०० (२०७८/७९) र रु ७९१६८२.००( २०७७/७८) भएको देखिन्छ|

**सम्भावना** : नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजतपत्र,सहकारी,विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ ।

**सुधारका पक्षहरूः**

- विभिन्न किसिमका सिफारिस तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने ।
- सिफारिस वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको यकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।
- त्यसै गरी पालिकाबाट गरिने सिफारिसलाई “एक पटक दिने र वारम्बार दिने” गरी दुई भागमा वर्गीकरण गरी त्यसै अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ ।

### (च) अन्य सेवा शुल्क

अस्थायी डम्पिङ साईट वडा नं १ र ३ रहेको छ। हाल वडा न १ डम्पिङ साईट ब्यबस्थित भैसकेको देखिन्छ| नगरपालिकाले दैनिक रुपमा र हप्ताको एक दिन फोहरमैला संकलन सेवा दिने गरिएको तर फोहोर मैला संकलन र ब्यबस्थापनको टेण्डर नभएको हुनाले डम्पिङ साईट र फोहोर संकलनको माध्यमबाट शुल्क उठाउने नगरिएको देखिन्छ।पालिकाले यसलाई ब्यबस्तित गर्दा कुहिने फोहोरबाट जैविक मल उत्पादन गरि आयाम थप गर्न सक्ने सम्भावना रहेको छ| पालिका भवनसँगै वडा नं २ मा १००० को संख्यामा सहभागी रहन सक्ने सभागृह बन्दै रहेको, वडा नं २ मा रहेको शौचालय (चौरजहारी ) बाट शुल्क लिने नगरिएको, कबर्ड हल रहेको तर यसबाट समेत न्यूनतम शुल्क लिन सकिने संभावना रहेको छ । आ.व. ०७७/७८ मा रू. ७९१६८२.००,आ.व. ०७८/७९ मा रू. ४०६२४९.०० र आ.व. ०७९/८० मा रू. ३०००००. अन्य सेवा शुल्क संकलन भएको देखिन्छ ।

### (छ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्थाः** आफ्नो स्वामित्वमा रहेका घर, भवन तथा मेसीन औजार आदी बहालमा लगाई सो बापत बहाल रकम संकलन गर्नसक्ने प्रावधान रहेको छ । शीर्षकगत रूपमा यस क्षेत्रमा आन्तरिक आय नदेखिएता पनि वडा नं ३ स्थित कोल्ड स्टोर र बजारमा आयमूलक भवन रहेको र न्यूनतम आम्दानी हुँदै आएको अवस्था छ ।कोल्ड स्टोर हालसम्म स्वामित्व हस्तान्तरण नभएकोले यसको आय पालिकाले नालिएता पनि आगामी बर्षबाट मनग्य आम्दानी लिन सक्ने देखिन्छ| यस क्षेत्रबाट विगतका वर्षहरुमा नगरपालिकाले अलग्गै शीर्षकगत रुपमा आन्तरिक आय संकलन गरेको देखिँदैन।नगरपालिकासंग रहेको जे सी बिको भाडा बापत आर्थिक बर्ष २०७७/७८ मा रु ११८०००००, २०७८/७९ पछी यो शिर्षकमा आम्दानी देखिएको छैन|

**संभावनाः** नगरपालिकाका विभिन्न वडाहरु र पालिका केन्द्र क्षेत्रमा रहेका भवन, मेशीन तथा औजारहरुलाई बहालमा लगाई सो बापत आम्दानी लिने संभावना रहेको देखिन्छ ।

**सुधारका पक्षहरूः**

- बहाल संकलन सम्बन्धी कार्यविधि निर्माण गर्ने ।
- बहाल संकलन सम्बन्धी व्यवस्था तथा औजार संचालन सम्बन्धीका कार्यविधि अनुरुपका शर्तहरू पालना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।
- शर्तहरु नमानेमा हुनसक्ने दण्ड सजायको व्यवस्था समेत उल्लेख गर्ने ।
- बहाल संकलनको दर निर्धारण गरि आर्थिक ऐनमा उल्लेख गर्नुपर्ने ।

**(ज) अन्य सेवा शुल्कहरु**

यस पालिकाले सेवाग्राहीहरुलाई विभिन्न  सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरुप नगरसभाले विभिन्न सेवाहरुको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरु संकलन गरिरहेको छ ।

**(झ) पर्यटन**

यस पालिका भित्र पर्यटकीय क्षेत्रको संभावना रहेको हुनाले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न पर्यटकीय क्षेत्र र स्थानको पहिचान र प्रवर्धन गर्न पार्क तथा मनोरञ्जन स्थलहरुको निर्माण,भौतिक तथा पूर्वाधार स्तरोन्नति गरी स्थानीय, आन्तरिक र बाह्य तथा अन्तराष्ट्रिय नागरिकलाई विभिन्न शुल्क वर्गीकरण गरी त्यसबाट पनि पालिकाले आन्तरिक आय वृद्धि गर्नसक्ने देखिन्छ । नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक तथा ऐतिहासिक क्षेहरू ( बडा न ४ मा मालिका पर्यटकीय स्थल लगभग निर्माण सम्पन्न हुन् लागेको)मा आवश्यक पूर्वाधारको विकास गरी पर्यटकीय गन्तब्यको रुपमा विकास गरी करको दायरामा ल्याउन सकिने संभावना रहेको छ । व्यापक पयर्टकीय संभावना बोकेको चौरजहारी नगरपालिकामा हाल सञ्चालनमा रहेका होटल र रिसोर्टहरूको प्रवधर्न गर्दै बजार क्षेत्रलाई पर्यटकीय हब बनाउन सक्दा आन्तरिक आय उल्लेख्य बृद्दि गर्न सकिन्छ ।

## परिच्छेद चारः संकलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा यस स्थानीय तहले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले पालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

### ४.१ राजस्व परिचालन सम्वन्धी नीति

यस नगरपालिकाले राजस्व परिचालन तथा ब्यवस्थापन सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजस्व परिचालनका लागि यस नगरपालिकाले हालसम्म निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको छः

- नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई नगरपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइएको छ ।

- तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइएको छ ।
- नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइएको छ ।
- नगरपालिकाको आर्थिक क्षमता बढाउनकालागि पालिकाक्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति लिइएको छ ।
- नगरपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि शुत्र सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिएको छ ।
- राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउनका लागि नगरपालिका तथा वडा कार्यालयमा रजश्व संकलन गर्ने कर्मचारीको व्यवस्था गरिएको छ ।

### ४.२ आय संकलनको संस्थागत क्षमता

#### ४.२.१ राजस्व परामर्श समिति

पालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि

नगरउपप्रमुख श्री इश्वरी कुमारी शर्मा ज्यू को संयोजकत्वमा देहाय बमोजिमको ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

**तालिका नं. १२ः राजस्व परामर्श समितिको संस्थागत संरचना**

| क.स. | समितिका व्यक्तिहरु नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | इश्वरी कुमारी शर्मा बि एम | संयोजक | नगर उपप्रमुख |
| २ | शेर प्रसाद ढकाल | सदस्य | नि. प्रमुख प्रशासकीय अधिकृत |
| ३ | भीमा थापा | सदस्य | कार्यपालिका सदस्य वडा नं ७ |
| ४ | नरेन्द्र मल्ल | सदस्य | वडा अध्यक्ष वडा नं ९ |
| ५ | प्रेम सुनार | सदस्य | उद्योग वाणिज्य संघ, रुकुम पश्चिम , |
| ६ | गणेश खड्का | सदस्य—सचिव | क.अ. (राजस्व उपशाखा) |

**स्रोतः चौरजहारी नगरपालिका, २०८१**

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाँउसभा समक्ष पेश गर्ने गरेको छ । पुनर्संरचित पालिकाको संवैधानिक व्यवस्थाको आधारमा पालिकाले चालु आर्थिक वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताव गरि गाँउसभाले सो दर स्वीकृत गर्ने गर्दछ| आयका शीर्षकगत दायरा तथा उक्त दायराका दरहरू राखी गाँउसभा मार्फत आर्थिक ऐन परिमार्जन गर्रिंदै आएको छ ।

यस नगरपालिकाको राजस्व परामर्श समितिले आ.व. २०७५ मा राजश्वका दरहरु निर्धारण गरी कार्यान्वयनमा
ल्याइएकोमा त्यसपछिका आ.व.मा समयानुकुल त्यसको संशोधन तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको नदेखिएकोले राजस्व दरको पुनरावलोकन, दायरा विस्तार गरी आन्तरिक राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको छ । नगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा राजस्व परिचालन शीर्षक अन्तर्गत लिइएका नीति देहायअनुसार रहेका छन् :

- वडा कार्यालयदेखि नगरपालिकाको कार्यालय समेतलाई ध्यानमा राखी सबै प्रकारका राजस्वमा एकरूपता ल्याउन सफ्टवेयर जडान गरी राजस्व संकलन नीतिमा एकरूपता दिई सेवालाई चुस्त दुरूस्त बनाईनेछ ।
- आन्तरिक स्रोत परिचालनका लागि राजस्व सुधार कार्ययोजना तयार पारी नगरपालिकाको आन्तरिक आय स्रोतमा वृद्दि ल्याईनेछ ।
- राजस्व परामर्श समितिबाट प्राप्त सुझाबको आधारमा आन्तरिक राजस्व प्रणालीलाई सुधार गरिनेछ ।

- आन्तरिक आम्दानीलाई पारदर्शी र करदातामैत्री बनाउन वडातहसम्म राजस्व साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- राजस्व वृद्दिका नयाँ क्षेत्रहरू पहिचान गरी करको दररेटलाइई सक्दो न्यून बनाउने र दायरालाई फराकिलो बनाईनेछ ।
- स्रोत साधन सम्पन्न शाखाको रूपमा राजस्व शाखाको व्यवस्था गरिनेछ ।
- जमिन वा भौतिक संरचनाको मूल्यांकन मापदण्ड र विधिलाई सडक पहुँच र उपयोगको आधारमा व्यवसायिक, आवासीय, कृषि र अन्य जमीन गरी वर्गीकरणा गरी मूल्यमा आधारित सम्पत्तिकर प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- रुकुम पश्चिम उद्योग वाणिज्य संघ तथा चेम्बर अफ कमर्ससँग व्यवसाय दर्ता, नवीकरण र व्यवसाय कर उठाउने कार्यमा सहकार्य र साझेदारी गरिनेछ ।
- स्थानीय राजस्व परामर्श समितिको क्षमता अभिवृद्दि गरी राजस्व सुधार कार्ययोजना लागू गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेका टेलिफोन टावरहरू निजी क्षेत्रबाट सञ्चालित ईन्टरनेट सेवा प्रदायक संस्थाहरूलाई करको दायरामा ल्याईनेछ ।
- संभावित करदाताहरूो पहिचान गर्दै कर शिक्षा कार्यक्रमहरू सञ्चालन गरी कर तिर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ । सबैभन्दा बढी कर तिर्ने तीनजनासम्म करदाताहरूलाई वार्षिक रूपमा सम्मान गरिनेछ ।
- नगरपालिकाको चल अचल सम्पत्तिहरू परिचालन गरी सेवा शुल्क संकलन गरिनेछ ।
- नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्दिको लागि कार्यान्वयन योग्य राजस्व सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- नगरपालिकामा करदाताले तिर्नु बुझाउनुपर्ने राजस्व रकम अनलाईन प्रविधिबाट तिर्न बुझाउन पाउने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकामा सञ्चालित निजी विद्यालयलाई करको दायरामा ल्याईनेछ ।
- घरबहालकरको हकमा उपयोगको आधारमा करदर कायम गरी वास्तविक वहाल रकम स्वयम् घोषणा गर्न पाउने सम्बन्धमा आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ ।

नगरपालिकाको वित्तीय व्यवस्थापनको सन्दर्भमा निम्न बमोजिम नीति लिएको देखिन्छ ।

- सेवा प्रवाहको लागि आवश्यक न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चमा कटौती गरिनेछ ।
- आर्थिक कार्य प्रणालीलाई चुस्त र दुरूस्त बनाई प्रविधिको प्रयोगबाट वित्तीय सुशासन कायम गरिनेछ ।
- वित्तीय पारदर्शिताका लागि कार्यालयको आय र खर्च विवरण सार्वजनिक गरिनेछ ।

### ४.२.२ नगरपालिकाको राजस्व प्रशासन

यस नगरपालिकामा राजस्व प्रशासनको लागि बेग्लै राजस्व शाखा स्थापना गरिएको छ । नगरपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरीकृत प्रणालीको (कम्प्युटर, प्रिन्टर, बिलिङ सफ्टवेयर सहित) प्रयोग गरिएको छ । यस शाखामा फर्निचर, कम्प्युटर, प्रिन्टर, फोटोकपी,टेवुल कर्ची, दराज तथा अन्य भौतिक सुविधा उपलब्ध गराइएको छ । राजस्व सम्बन्धी डाटा अनलाइनबाट प्रविष्ट गर्ने गरिएको छ । राजस्व असुलीको लागि शुत्र सफ्टवेयरको प्रयोग गरिएको छ । निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमि कर लगायतका शीर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै संकलन गर्ने गरी कर्मचारीको ब्यवस्था गरिएको छ । नक्सापास नगरपालिका कार्यालयबाटै हुने गरेको छ । नगदी रसीद प्रयोगमा छैन ।

### ४.२.३ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

यस नगरपालिकामा रहेको राजश्व उपशाखाको जिम्मेवारी गणेश खड्काज्युले संहाल्दै आएको देखिन्छ। नगरपालिकाको धेरैजसो आम्दानी यसका वडाहरूबाट संकलन गर्ने गरिएको छ । राजस्व शाखामा अधिकृत स्तरको कर्मचारीको दरबन्दी स्थापित गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । नगरपालिकामा राजश्व शाखा गठन गरी एक कर्मचारीलाई राजस्व शाखा प्रमुखको जिम्मेवारी दिइएको छ । सबै वडा कार्यालयहरुमा वडा सचिवले राजश्व संकलन गर्ने व्यवस्था मिलाईएको छ ।

## ४.३ नगरपालिकाको आन्तिरक आय परिचालन

यस नगरपालिकाको विगत तीन बर्षको आय परिचालनको अवस्था र चालु आ.व.को २०८१ साल वैशाख मसान्तसम्मको आयको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ :

आन्तरिक आय र वाहय आय (समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँट जस्ता स्थानीय स्रोत र संघ तथा प्रदेश सरकारको तर्फबाट बिशेष कार्यक्रमका लागि उपलव्ध गराइने आय समेत) तर्फ आ.व.२०७९/०८० का लागि राजस्व सुधार योजना तर्जुमा भइनसकेको अवस्था मा रु.७७ करोड ४५ लाख ७२ हजार ४५ रुपैंया आय थियो। आ.व.२०७८/०७९ मा रु ७० करोड ४३ लाख ७२ हजार ६ सय ११ रुपैया आय भएको थियो भने आ ब २०७७/७८ मा रु ६६ करोड ४४ लाख ६९ हजार ९ सय २४ रुपैया रहेको थियो| चौरजहारी नगरपालिकाले आगामी आर्थिक बर्षको लागि आय अनुमान प्रक्षेपण............ गरिएको र चालु आ.व.को २०८१ साल वैशाख मसान्तसम्म रु. ५९ करोड २७ लाख १६ हजार १ सय ३१ रुपैया ८४ पैसा यथार्थ आय गरेको देखिन्छ ।

**तालिका नं.१३: चौरजहारी नगरपालिकाको राजस्व संरचना**

| ७२ | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को यथार्थ आय | २०७९/०८० को यथार्थ आय | २०८०/०८१ वैशाख मसान्तसम्म (यथार्थ आय) |
|---|---|---|---|---|
| क. आन्तरिक आय | २९५१०५७७ | १८०४५१६३ | २३२३७४६ | |
| ११३१ सम्पत्ति कर | ३५८३९३.९७ | २०७००९.०० | ५०३०००.०० | ३०००००.०० |
| ११३१४ भूमि कर (मालपोत) | ३०२४४२१.५० | २१३२६८३.२३ | २६०००००.०० | ३००००००.०० |
| ११३१७ बहाल कर | २४७८१०.०० | २८१४७८.०० | ५५००००.०० | ६०००००.०० |
| ११३१८ बहाल विटौरी कर | २९३९००.०० | १५४१८.०० | ११२०००.०० | ५००००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ८५९००.०० | २४०००.०० | २५००००.०० | ३०००००.०० |
| ११४५२ पुर्बाधार सेवाको उपभोगमा लाग्ने कर | ५०००००.०० | ५००००.०० | ०.०० | ५००००.०० |
| ११४५२ अन्य मनोरंजन कर | ०.०० | ०.०० | ०.०० | ४००००.०० |
| ११६२१ ब्यबसाय बाहेक अन्यले भुक्तान गर्ने | ०.०० | १२००००.०० | ०.०० | ३००००.०० |

| | | | | |
|---|---|---|---|---|
| ११६३१ कृषि तथा पशुजन्य बस्तुको ब्यबसायिक कारोबारमा लाग्ने कर | ३४७४०.०० | ५६०००.०० | ५००००.०० | ५००००.०० |
| ११६३२ अखेटोपहरमा लाग्ने कर | १०००००.०० | १५००००.०० | १०००००.०० | ५००००.०० |
| ११६९१ अन्य कर | ७२०००००.०० | ०.०० | ०.०० | |
| १४२१२ सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम | ०.०० | ०.०० | १०००००.०० | १५००००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १८१६२४५.०० | ९३००००.०० | १००००००.०० | २५००००.०० |
| १४२१९ अन्य सेवा शुल्क | ०.०० | ०.०० | ७९९२२५.०० | ६८००००.०० |
| १४२२१ न्यायिक दस्तुर | ०.०० | १३५००.०० | ८१९७५.०० | ६००००.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ०.०० | ४००००.०० | १०००००.०० | १०००००.०० |
| १४२२४ परीक्षा शुल्क | १००००.०० | ५९२००.०० | ८१०५०.०० | ५००००.०० |

| | | | | |
|---|---|---|---|---|
| १४२२५ यातायात क्षेत्रको आम्दानी | १४३०४९८.०० | ५१९३११०.०० | ९४२०४९५.०० | १०५०००००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | १३०८९९६.५० | ७९९२२५.०० | ६८००००.०० |
| १४२४१ पार्किंग शुल्क | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १४२४२ नक्सापास दस्तुर | ३०४३४०.०० | ३१३५९५.०० | ४९९०३६.०० | ७०००००.०० |
| १४२४३ सिफारिस दस्तुर | ३६८७४०.०० | १२११६८९.०० | ८५००००.०० | १५०००००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १३४६११.०० | २५५९००.०० | ३०००००.०० | ३०००००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ९३५६०.०० | ६०८६५.०० | १४९६७०.०० | १५००००.०० |
| १४२४९ अन्य दस्तुर | ७९१६८२.०० | ४०६२४९.०० | ३०००००.०० | ५०००००.०० |
| १४२५३ व्यवसाय रजिष्ट्रेशन दस्तुर | ७५९८००.०० | ११९९५६०.०० | १००००००.०० | १७०००००.०० |
| १४२५४ रेडियो एफ एम संचालन दस्तुर | ०.०० | ०.०० | ०.०० | ४००००.०० |

| | | | | |
|---|---|---|---|---|
| १४२६५ अन्य क्षेत्रको आय | ८५४५००0.00 | १९१९११४.७२ | १७९९९७८.00 | १000000.00 |
| १४३१२ प्रशाशनिक दण्ड जरिवाना र जफत | ५६६९३२.00 | 0.00 | १00000.00 | १00000.00 |
| १४३१३ धरौटी सदरस्याहा | ५00000.00 | 0.00 | 0.00 | २५0000.00 |
| १४५२९ अन्य राजस्व (विविध) | ५६६५00.00 | १0४२0२६.00 | ७१६४२.२0 | |
| १४६११ व्यवसाय कर | 0.00 | ३२७४00.00 | ५१0६0४.८१ | 0.00 |
| १५१११ बेरुजु | 0.00 | ५११३६९.८६ | ५२५३५९.00 | |
| **ख. राजस्व बाँडफाँट** | | | | |
| संघीय राजस्व बाँडफाँट | ६९५४३४४१.९१ | ८२६४१0५७.२६ | १0४२७४१३१.८४ | १0७४६२९४२.00 |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | | ५१५८५९९.४८ | ३८५१८३३.0९ | ५000000.00 |
| १४१५७ बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट | | २२0६५१६.00 | २४२६३९0.0५ | |

| | | | | |
|---|---|---|---|---|
| प्राप्त हुने आय | | | | |
| ११४११ बाँडफाँट भै प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६९५४३४४१.९१ | ५५८९६००६.५९ | ७५५७१९६५.१५ | ९४६५९१००.०० |
| १४४२१ बाँडफाँट भै प्राप्त हुने अन्त शुल्क | | २२३१३२५८.२१ | ०.०० | ०.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सबारी साधन कर | ५०१३६४.३४ | | ७५०३१८.९७ | |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | | | | |
| **कुल संघीय अनुदान** | | | | |
| १३३११ संघीय समानीकरण अनुदान | १०३७००००.०० | १०७००००००.०० | १०५९१२५००.०० | |
| १३३१२ संघीय शसर्त अनुदान चालु | २४८८६२५१०.८० | २३८१००००.०० | २२९३८८०००.०० | |
| १३३१३ संघीय शसर्त अनुदान पूँजीगत | ९,७८,७२,३०१००. | ७०२५००००.०० | ३०६११०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १३३१४ संघीय बिशेष अनुदान चालु | २0000000.00 | | | |
| १३३१५ संघीय बिशेष अनुदान पूँजीगत | | २५000000.00 | | |
| १३३१६ संघीय समपूरक अनुदान चालु | ६४00000.00 | | | |
| १३३१७ संघीय समपूरक अनुदान पूँजीगत | १४,८0,३0000. | | २0000000.00 | |
| १३३१८ संघीय अन्य अनुदान चालु सामाजिक ) सुरक्षा (समेत | | | | |
| **कुल प्रदेश अनुदान** | | | | |
| १३३११ प्रदेश समानीकरण अनुदान | १0१९३000.00 | | ११३२९000.00 | |
| १३३१२ प्रदेश शसर्त अनुदान चालु | ६९000000.00 | | १६२0२00.00 | |
| १३३१३ प्रदेश शसर्त अनुदान पूँजीगत | | | ६२५000000.00 | |

| | | | | |
|---|---|---|---|---|
| १३३१६ प्रदेश समपूरक अनुदान चालु | १७००००००.०० | | | |
| १३३१७ प्रदेश समपूरक अनुदान पूँजीगत | | | ६४१८७४१.०० | |
| **जम्मा** | ६६४४६९९२४.२२ | ७०४३७२६११.५९ | ६७४५७२०४५.०७ | ५९२७१६१३१.८४ |

**स्रोतः चौरजहारी  नगरपालिका, २०८१**

यस नगरपालिकामा आ.व २०७७/७८ मा रु ६६ करोड ४४ लाख ६९  हजार ९ सय २४ आम्दानी भएको। त्यसैगरी आ.व. २०७८/७९ मा पालिकाको आय ७० करोड ४३ लाख ७२ हजार ६ सय ११ र  आ.व. २०७९/८० मा पालिकाको आय ६७ करोड ४५ लाख ७२ हजार ४५ रुपैया हजार आम्दानी रहेको  थियो ।

चालु आ.व.२०८०/८१मा रु ५९  करोड २७ लाख १६हजार,  १ सय ३१ रुपैयाको आम्दानी प्रक्षेपण गरेको छ ।

**४.४ राजस्व परिचालनमा रहेका सबालहरू**

यस नगरपालिकाको राजस्व परिचालनसँग सम्बन्धित महत्वपूर्ण सबालहरू यस प्रकार रहेका छन् ।

- चौरजहारी  नगरपालिका क्षेत्रमा ठूलो संख्यामा बहालमा जान सक्ने घर एवम् जग्गा रहेको सन्दर्भमा घरजग्गा बहाल करमा अडिट प्रयोजनमा बाहेक दायरा फराकिलो गर्न नसकिएको देखिएकोले यस क्षेत्रलाई करको दायरामा ल्याउन जनप्रतिनिधि, कर्मचारी र निजी क्षेत्रको समन्वयमा करको दायरामा ल्याउनुपर्ने टड्कारो आवश्यकता देखिएको ।
